**जाडोको समयमा चीसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 07 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९७

## कल्याणपुरमा चोरीका मोटरसाइकलको बिगबिगी

प्रस, वीरगंज, २० मङ्सिर/
बाराको विश्रामपुर गाउँपालिका-१


तस्वीरः फाइल

कल्याणपुरमा चोरीका मोटरसाइकलको बिगबिगीका कारण स्थानीयहरू मारमा परेका छन् ।

बारा/पर्सा तथा भारतबाट चोरी भएका मोटरसाइकलहरू कल्याणपुरमा पुग्ने गरेको र सोही ठाउँबाट दैनिक खुलेआम खरीद-बिक्री हुने गरेको स्थानीयले बताएका छन् ।

स्थानीय सुरक्षाकर्मीलाई प्रभावमा पारी सो गाउँमा रहेका केही चोरहरूले चोरीका मोटरसाइकल चढ्ने तथा बेच्ने गरेका छन् ।

सो गाउँमा विभिन्नखाले महँगा १२ वटा मोटरसाइकल रहेको स्रोतको दाबी छ। चोरीका गाडीहरूमा भारतीय नम्बर प्लेट लगाइ तथा त्यसको नक्कली कागजात बनाइ बिक्री गर्ने तथा चढ्ने गरेको स्थानीयहरूको आरोप छ । सीमासँग जोडिएको सो गाउँमा हुने सीमा वारिपारि अवैध काममा पनि ती मोटरसाइकल प्रयोग भइरहेका छन् । तस्करहरूले चोरीका मोटरसाइकलमा नै सामानहरू ओसारपोसार गर्ने गरेका छन्।

स्रोतको अनुसार एकातिर चोरीका मोटरसाइकलहरूमा तस्करीका सामान ओसारपोसार गर्ने गरेको तथा अर्कोतिर केही मोटरसाइकलका पार्टपुर्जा खोलेर वीरगंजको बजारमा बेच्ने गरिएको छ।

सो गाउँलाई सुरक्षा दिने प्रहरी चौकी छतवा तथा सशस्त्र प्रहरी बेस क्याम्प मुसहर्वा छ। चोरहरूले प्रहरीलाई चोरीका मोटरसाइकल चढ्न वा ड्युटीमा आउन, जानका लागि समेत दिने गरेको स्थानीयको दाबी छ।

भारतबाट चोरी भइआएका मोटरसाइकलहरूलाई नेपालमा बिक्री वितरण गर्ने तथा नेपालबाट चोरी गरिएका मोटरसाइकलहरू भारतमा बिक्री गर्ने गरेको स्रोतले बताएको छ। तस्करीमा प्रयोग भएका मोटरसाइकलहरू पक्राउ पर्दा अनुसन्धान गरे चोरहरू सजिलैसँग पक्राउ पर्ने तथा मोटरसाइकल चोरीका घटनामा पनि न्यूनीकरण हुने स्थानीयको दाबी छ ।

यता वीरगंजमा अहिले मोटरसाइकल चोरहरूको आतङ्कले नगरवासी त्रसित छन्। वीरगंजमा आउनेजाने वा बस्ने जोकोहीको पनि मोटरसाइकल यतिबेला सुरक्षित छैन । घरबाटै मोटरसाइकल चोरी हुन थालेपछि बाटोमा पार्किङ गरिएका मोटरसाइकलको सुरक्षा कसले गर्ने ? भन्दै एकजना चालकले गुनासो गरे ।

पर्साको तथ्याङ्क हेर्दा सरदर दैनिक चारवटा मोटरसाइकल चोरी हुने गरेको र जिल्ला प्रहरी कार्यालय, पर्सामा मोटरसाइकल चोरी भएका निवेदनहरूको चाङ लागेको छ। बीमा कम्पनीहरू चोरी भएका मोटरसाइकलहरूको बीमा दिंदादिंदै हैरान छन्। केही बीमा कम्पनीले मोटरसाइकलको बीमा गर्नसमेत मानिरहेका छैनन् ।

## गाँजा पाकेपछि बारा/पर्साका प्रहरीको नौटङ्की अभियान

प्रस, वीरगंज, २० मङ्सिर/
जिल्ला प्रहरी कार्यालय बारा र पर्साले केही दिनदेखि गाँजा फँडानी अभियानलाई तीव्र पारेका छन्। प्रहरीको यस कार्यलाई स्थानीयले नौटङ्कीको संज्ञा दिइरहेका छन् ।


तस्वीरः सौजन्य

गाँजा पाकेर भित्र्याउने बेलामा प्रहरीले केही गाँजाखेती नष्ट गरेर नाटक गरिरहेको स्थानीयवासीले आरोप लगाएका छन् । प्रहरीले गाँजाविरुद्धको अभियान चालेको भए बेर्ना लगाउने बेलामा नै गाँजा फँडानी गर्न सक्थ्यो तर अहिले आएर गाँजा पाकेपछि केही गाँजाखेती फँडानी गरेर झारा टार्ने काम गरेको स्थानीयको आरोप छ।

गाँजाखेतीको लागि बेर्ना तयार, खेत खनजोत अनि गाँजाको बिरुवा लगाउने बेलामा बारा/पर्साका विभिन्न सुरक्षा निकाय तथा अनुसन्धान विभागका कर्मचारीहरू कहाँ थिए ? स्थानीयवासीले प्रश्न गरे ।

स्रोतका अनुसार पर्साका दुई सय बिघा तथा बाराका साढे तीन सय बिघा क्षेत्रफलको गाँजाखेती फँडानी हुन सकेको छैन । बारा र पर्सामा गाँजाखेती जङ्गलभित्र व्यापकरूपमा गरिएको छ । प्रहरीलाई सबै जानकारी भएपनि गाँजा व्यापारीको प्रलोभनमा परेको स्रोतको भनाइ छ ।

गाँजा रोप्ने बेला गाँजा व्यापारीले प्रहरीलाई प्रतिकट्ठाको दरले रकम बुझाएको र अहिले गाँजा पाक्ने बेलामा नाम कमाउन प्रहरीले केही गाँजाखेती फँडानी गरेको एकजना गाँजा व्यापारीले बताए। प्रतिवर्ष मङ्सिर महीनाभरि गाँजाखेती फँडानी गर्ने प्रहरीको कार्यनिर्देश अनुसार अहिले गाँजाखेती रोकथाम गरेको देखाउन फँडानी गरिरहेको स्रोतले दाबी गरेको छ ।

यसैबीच, जिल्ला प्रहरी कार्यालय, बाराले निजगढ नगरपालिका-१२ कुलिया, थली, सालबिसौनीमा १६ कट्ठामा लगाइएको गाँजाखेती फँडानी गरेको छ ।

इलाका प्रहरी कार्यालय, निजगढले सो क्षेत्रमा लगाइएको करीब २० हजार गाँजाका बोटहरू फँडानी गर्नुका साथै गाँजाखेतीमा संलग्न व्यक्तिहरूको खोजतलाश गरिरहेको जनाएको छ ।

## शिक्षक हत्याको विरोधमा एन–प्याब्सनद्वारा प्रदर्शन

प्रस, वीरगंज, २० मङ्सिर/
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (एन-प्याब्सन)बाराले बुधवार कलैयामा विरोध प्रदर्शन गरेको छ ।



तस्वीरः फाइल

कात्तिक १३ गते बाल एकता बोर्डिङ स्कूलका प्रधानाध्यापक कलैया नपा-६ निवासी रूपेश सर्राफको गोली प्रहार गरी हत्या गरिएको थियो। हत्यामा संलग्न व्यक्तिहरूमध्ये केहीलाई प्रहरीले सार्वजनिक गरे पनि परिवार तथा विभिन्न संस्थाले विरोध गर्दै आएका छन्। दोषीलाई उम्काएको र निर्दोषलाई फसाएको भन्दै सर्राफ परिवार र विभिन्न संस्थाले विरोध गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका थिए।

हत्यामा संलग्न व्यक्तिलाई उन्मुक्ति दिएको, घटनालाई सामसुम पारेको तथा चरित्र हत्या गरेको भन्दै विभिन्न संस्थाले विज्ञप्ति निकाली प्रहरीको अनुसन्धानप्रति प्रश्न गर्दै आएका छन् ।

विरोध प्रदर्शनपछि भरतचोकमा विरोधसभा भएको थियो। विरोधसभामा सहभागीहरूले घटना भएको दिन प्रमुख जिल्ला अधिकारीले दिएको सार्वजनिक वक्तव्य तथा प्रहरी उपरीक्षकले सार्वजनिक गरेको घटनाको यथार्थ विवरण फरक भेटिएकाले तत्काल सच्याइ दोषीलाई कारबाईको माग गरेका छन् ।

विरोधसभामा एन-प्याब्सन, बाराका अध्यक्ष प्रभुलाल कुशवाहाले जारी गरेको प्रेस विज्ञप्तिमा प्रहरीले विद्यालयकै शिक्षकलाई फसाउनु र दोषीलाई उन्मुक्ति दिनु गलत भएको उल्लेख छ । घटना भएको ३७ दिन बितिसक्दा पनि प्रहरीले वास्तविक दोषीलाई पक्राउ गर्न नसकेको आरोप लगाइएको छ। प्रहरीले तत्काल दोषीलाई पक्राउ नगरे सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी विज्ञप्तिमार्फत दिइएको छ ।

## आठ महीनादेखि इलाका प्रशासन सुपौली बन्द

प्रस, सेढवा, २० मङ्सिर/
पर्सा जिल्लाको एकमात्र इलाका प्रशासन कार्यालय, सुपौलीमा आठ महीनादेखि सेवाप्रवाह बन्द छ। ग्रामीण भेगका ठोरी, जीराभवानी, जगरनाथपुर र पटेर्वासुगौली गाँउपालिकाका आम नागरिकलाई सहजरूपमा सेवाप्रवाह गर्ने उद्देश्य स्थापना गरिएको इप्रका, सुपौलीको सेवाप्रवाह पटकपटक बन्द भएको छ ।



तस्वीरः फाइल

यस कार्यालयबाट तोकिएका पालिकाका नागरिकलाई नागरिकता, नागरिकताको प्रतिलिपि, समावेशी समुदायको प्रमाणपत्रलगायतका प्रमाणपत्र वितरणसम्बन्धी सेवाप्रवाह हुँदै आएको थियो । विगतमा कर्मचारी अभावको कारण देखाउँदै जिल्ला प्रशासन कार्यालय, पर्साले साताको एक दिन सेवाप्रवाह गर्दै आएको थियो। एक दिनको सेवाप्रवाहले ठूलो भीड हुँदा सेवाग्राहीहरूले सास्ती खेप्ने गरेका थिए । तर गाउँठाउँमैं सेवा पाउँदा सेवाग्राही नागरिकहरू खुशी थिए।

तर गत वैशाख महीनादेखि सेवाप्रवाह नै बन्द भएपछि नागरिकतालगायतका प्रमाणपत्र लिनका लागि वीरगंज धाउनुपरिरहेको जीराभवानी गाउँपालिका वडा नं १ का रोहित चौधरीले बताए। इप्रका, सुपौलीबाट सेवा नै सारेर सदरमुकाम वीरगंज लगेपछि स्थानीयहरू निराश भएका चौधरीले बताए।

वीरगंजमा सेवा लिन जाँदा सेवाग्राहीहरूले बढी खर्च गर्नुपरेको साथै समय पनि बर्बाद हुने गरेको स्थानीयको भनाइ छ । यस सम्बन्धमा जिप्रका, पर्साका शाखा अधिकृत विनयकुमार श्रीवास्तवका अनुसार मन्त्रालयले अधिकृत नपठाउँदा सुपौलीमा सेवाप्रवाह प्रभावित भएको बताए । जिल्लामा अधिकृत भएका बेला सातामा एक दिन सेवा दिंदै आएको र अहिले जिप्रका, पर्सामा शाखा अधिकृत नै कम भएकाले सुपौलीको काम भ्याउन नसकेर त्यहाँको सेवा जिल्लामा ल्याएको अधिकृत श्रीवास्तवले बताए। मन्त्रालयले सुपौलीका लागि अधिकृत पठाए पुनः सेवाप्रवाह गरिने अधिकृत श्रीवास्तवले बताए। अहिले इप्रका, सुपौलीमा एकजना नायबसुब्बा, एकजना कम्प्युटर अपरेटर र दुईजना कार्यालय सहयोगी गरी चारजना कार्यरत छन्। ती कर्मचारीहरूले कार्यालय खोल्ने र आएका सेवाग्राहीहरूलाई कागजात मिलाएर वीरगंज पठाउने गरेका छन्।

घरदैलोमा आम नागरिकलाई सेवा प्रदान गर्ने उद्देश्यले २०७५ पुस ११ गते नेपाल सरकारले जीराभवानी गाउँपालिका वडा नं ४ सुपौलीमा इलाका प्रशासन कार्यालय स्थापना गरी सेवाप्रवाह गरेको थियो ।

## विन्ध्यवासिनी गापामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालन

प्रस, वीरगंज, २० मङ्सिर/
लामो प्रयासपछि विन्ध्यवासिनी गापामा बुधवारदेखि औपचारिकरूपमा जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएको छ ।



तस्वीरःप्रतीक

वडा नं ४ अमरपट्टिमा प्रदेश सरकार तथा स्थानीय सरकारको लगानीमा नवनिर्मित भवनमा सो प्रयोगशालाको उद्घाटन भएको हो । निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य अजय चौरसियाले प्रयोगशालाको उद्घाटन गरेका थिए ।

वडाध्यक्ष अनोज चौरसियाको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसद जनार्दनसिंह क्षत्री, श्याम पटेल, ओमप्रकाश शर्मा, गापाध्यक्ष प्रमोद तिवारी, पालिका सदस्य अशोक गुप्ता, प्रयोगशाला इन्चार्ज उमाकान्त ठाकुरलगायतले मन्तव्य व्यक्त गरेका थिए। प्रदेश सरकारले निश्शुल्क उपलब्ध गराएका उपकरणबाट सस्तो मूल्यमा ५४ प्रकारका विभिन्न स्वास्थ्य परीक्षण हुने बताइएको छ ।

गत आर्थिक वर्षमा नै प्रदेश सरकारले आधुनिक परीक्षण उपकरण आठवटा जिल्लाका स्थानीय तहहरूलाई उपलब्ध गराएको थियो ।

गत आर्थिक वर्षमा नै सञ्चालन हुनुपर्ने यो प्रयोगशाला भौतिक पूर्वाधारको कमी तथा आपसी खिंचातानीले सञ्चालनमा आउन सकेन। बल्ल सहमति जुटेपछि आजदेखि आधुनिक जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएको हो ।

**विचारसार एवं सूक्तिहरू**

**सबै मानिस राम्रो नहुन सक्छन्...तर सबैमा केही न केही राम्रो हुन्छ । कसैप्रति पूर्वाग्रही छवि नबनाऊ...किनकि मानिसहरू व्यक्तिपिच्छे विभिन्न व्यवहार गर्दछन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# प्राथमिकतामा नपरेको शिक्षा

**मुलुकमा सङ्घीयता आएपछि अधिकार तीन तहमा विकेन्द्रित छ। संविधानतः मावि तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको छ। सो अन्तर्गत विद्यालय शिक्षाको संरक्षक स्थानीय सरकार हो । स्थानीय तहलाई आफ्नो पालिका क्षेत्रभित्रको शिक्षा प्रणाली कस्तो बनाउने भन्ने अधिकार छ। शिक्षाको नीति निर्माणदेखि स्थानीय पाठ्यक्रम बनाइ कार्यान्वियन गर्ने, विद्यालयको अनुगमन गर्ने र निर्देशन दिनेसम्मका अधिकार पालिकालाई दिइएको छ । स्थानीय तहलाई शिक्षासँग सम्बन्धित विभिन्न २३ वटा क्षेत्रमा काम गर्ने अधिकार छ। यसरी संविधानले स्थानीय तहलाई शिक्षामा अधिकारसम्पन्न बनाए पनि साधन–स्रोतको अभावका कारण अधिकार प्रयोग, जिम्मेवारी वहन एवं योजना कार्यान्वयनमा भने चुनौती देखिएका छन् ।**

**मुख्य कुरा त स्थानीय जनप्रतिनिधिको प्राथमिकतामा शिक्षा क्षेत्र पर्न सकेको छैन । स्थानीय सरकार गठनको छ वर्ष पूरा भइसक्दा पनि अधिकांश पालिकाले शिक्षाका लागि आवश्यक नीति नै बनाएका छैनन् । कतिपय पालिकामा बनेका नीति र योजनासमेत कार्यान्वयनमा आउन सकेका छैनन् । शिक्षाबारे बुझेर हुन् वा नबुझेर स्थानीय जनप्रतिनिधिको बेवास्ताका कारण विद्यालय शिक्षा विगतभन्दा झन् लथालिङ्ग भएको छ। स्थानीय विकास निर्माणको नाममा भौतिक पूर्वाधार निर्माणमा ठूलो लगानी गरिरहेको स्थानीय सरकार मानवीय विकास तथा शैक्षिक सुधारतर्फ भने औपचारिकता पूरा गर्नेबाहेक खासै चासो दिएको पाइएको छैन। शैक्षिक सुधारमा उल्लेखनीय काम गर्न नसकेको भन्दै स्थानीय तहका प्रतिनिधिहरूले बितेको चुनावमा पनि मतदाताको आलोचना सुन्नुपरेका थिए। स्थानीय तहको दोस्रो कार्यकाल शुरू भएको एक वर्ष बितिसक्दा पनि यस सम्बन्धमा सुधार देखिएको छैन। खासगरी नीति निर्माण र विद्यालयको व्यवस्थापन साथै अनुगमनमा जनप्रतिनिधिको सक्रियता देखिंदैन । अपवादका केही पालिका, जहाँ शिक्षातर्फ जनप्रतिनिधिले सक्रियता देखाएका छन्, त्यस्ता पालिकाहरूमा शिक्षाको गुणस्तरमा सकारात्मक परिवर्तन आएका उदाहरणहरू छन् । शिक्षामा लगानी गर्दा यसको प्रतिफल तुरुन्त देखिंदैन । अनुभव हुनेगरी प्रतिफल देखिन कम्तीमा पनि १० वर्ष लाग्छ । तर जनप्रतिनिधिहरूमा त्यो धैर्यता छैन । उनीहरू शिक्षा क्षेत्रलाई सकभर अनदेखा गर्ने र त्यसको बजेटसमेत अन्यत्र खन्याउने ध्याउन्नमा हुन्छन्। सामुदायिक विद्यालयमा भर्ना नपाएको, निश्शुल्क शिक्षामा पनि शुल्क लिने गरेको, निजी विद्यालयले चर्को शुल्क लिएको, समयमा पाठ्यपुस्तक नपाउने, समयमा पाठ्यक्रम नसकिएको, विद्यालय परिसरमा शैक्षिक वातावरण अनुकूल नरहेको, विद्यार्थीमा शैक्षिक क्षमता विकास नभएकोलगायतका थुप्रै गुनासा आइरहँदा पनि जनप्रतिनिधिहरूले त्यसतर्फ ध्यान दिन र उचित व्यवस्थापन गर्न सकेका छैनन् ।**

**स्थानीय तहले स्थानीय पाठ्यपुस्तक तयार गर्न सकेको छैन। कतिपय पालिकामा शिक्षकको तलब र बालबालिकाको दिवाखाजाको रकमसमेत समयमा निकासा हुँदैन । यसले आँगनमा सरकार हुनु र नहुनुमा खासै फरक देखिएको छैन। [redacted] स्थानीय तहमा दिने व्यवस्था गरे [redacted] कसरी बनाउने भन्नेतर्फ मौन [redacted] कारण लामो समय अस्तव्यस्त [redacted] ल्याउन स्थानीय सरकारलाई [redacted] जनप्रतिनिधिहरूमा इच्छाशक्ति [redacted] सुधार ल्याउन सकिन्छ ।**

# परिवर्तित परिवेशमा महिलामाथि हिंसा

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**दुर्व्यवहार सहनु र दुर्व्यवहार भोग्नुलाई महिलाले पनि नियति मान्नुहुँदैन । आजको युग यस्तो छ कि जति सह्यो उति कमजोर हो भन्ने मानसिकतालाई बढावा दिन्छ । यदि प्रतिकार हुन्छ वा सम्बन्धित निकायसम्म पुग्छ भने बल्ल लगाम लाग्न शुरू हुन्छ ।**

परिवेश बदलिएर समाजमा धेरै किसिमका सुधार भएका छन्। समाजमा भएका सुधारले पनि परिवेश बदलिएको हो। दुवै एक अर्कासित गाँसिएका कुरा हुन्। समाजमा परिवर्तन मानिसले ल्याउने हो र मानिस परिवर्तन भएसँगै समाज परिवर्तन हुने हो । सामाजिक परिवर्तन निरन्तर प्रक्रिया हो । समाजमा, हरेक युगमा निरन्तर परिवर्तन देखा परेको पाइन्छ। यद्यपि समाज परिवर्तनको गति र स्वरूपमा भने भिन्नता हुनु स्वाभाविक हो। समाजमा आएको परिवर्तन स्वीकार गर्न कठिनाइ महसूस गर्नेहरू आफ्नो जमानाका कठिन क्रान्तिकारी पनि थिए। आफ्नो युगमा विद्रोही हुने तर अहिले समाज त्यसभन्दा अगाडि जान खोज्दा समाजको रीतिथिति बिगार्नेको सङ्ख्या बढी भयो भन्ने विचार दिनेहरू पनि रहेका छन्। कुनै बेला प्रवाहले नदीको किनार भत्काउने भेल जब कुनै ठाउँमा खाल्टो खन्दछ तब त्यहाँ जमेको पानीको अवस्था यस्तै हुनुपर्छ जस्तो पुरानो जमानामा आफूलाई समाजमा परिवर्तनको वाहक मान्नेहरू अहिलेको परिवर्तनबाट असन्तुष्ट छन् ।

परिवर्तित परिवेशमा समाजका विभिन्न अङ्ग र विकृतिको स्वरूप परिवर्तन भएको छ। पहिलेका कतिपय मान्यता आज विकृत बनेर स्वतः हराएका छन् । पहिलेका कतिपय सामाजिक स्वीकृति आज विकृत भएका छन्। पहिले राम्रै ठानिएको तर्क अहिले कुतर्क बनिसकेको छ । यसैगरी पहिले हुने कतिपय हिंसा आजभोलि देख्न पाइँदैन वा पहिले सामान्य मानिने कतिपय हिंसा आजभोलि करीब लोप नै भइसकेका छन्। सामाजिक परिवर्तनको आफ्नै गति नियम भए पनि राज्यले लिने कतिपय नीति, नियम तथा कानूनको आधारमा समाजमा परिवर्तन स्वाभाविक हुन्छ । समाजले ऐन र कानून मानेर नै बिस्तारै परिवर्तनतर्फ डोरिन्छ र कालान्तरमा त्यै परिवर्तन सर्वस्वीकृत बन्न पुग्दछ। यसरी जबसम्म र जहाँसम्म समाजले कुनै कुरालाई मान्दैन त्यहाँसम्म त्यो विकृति हो वा विसङ्गति हो । यद्यपि कुनै पनि हिंसालाई विकृति नै मान्नुपर्दछ र कतिपय हिंसा बलजफ्ती गरिएको हुन्छ जसलाई विकृत मानसिकताको उपज मानिन्छ।

हुनत हिंसा भन्ने नै बलजफ्ती हो। कसैको इच्छाविपरीत केही भन्नु वा मानसिक चोट पुऱ्याउनु वा मनमा दुख्ने बनाउनु पनि हिंसा नै हो। अझै विस्तारमा भन्ने हो भने कुनै पनि गाली, हप्काइ, हेपाइ हिंसाकै प्रकार र प्रकृति हो। साथै कुनै कारणले तनाव उत्पन्न हुनु पनि हिंसा हो । जस्तै, कसैले घरमा कुकुर पालेको छ र उसको कुकुर बरोबर भुकेर छिमेकीलाई अप्ठ्यारो पार्छ। कसैले गाडी राखेको छ र उसको गाडीले पिंपिं र भोंभों गरेर छिमेकीलाई सुत्न दिंदैन । कसैले चर्को स्वरमा हर्न बजाउँछ, कुनै धार्मिक गीत वा कार्यक्रम ठूलो स्वरमा बजाउँछ, कुनै सांस्कृतिक अवसरमा बाटो अवरुद्ध गर्छ । यद्यपि यिनलाई हिंसाको श्रेणीमा लिएको पाइँदैन तर, कानून सबैलाई छ। सम्बन्धित निकायमा खोजी गर्ने हो भने इच्छाविपरीत भएको सबै चर्को स्वर वा अन्य काममा पनि कानून लाग्छ । कानूनले क्षतिपूर्तिको व्यवस्था पनि गरेको हुन्छ भने दण्ड वा सजायको पनि व्यवस्था गरेको हुन्छ । दण्ड वा सजाय महत्त्वपूर्ण होइन। मुख्य कुरो त सचेतना हो। यदि मानिस सचेत छैन भने लापरवाहीले पनि धेरै काम बिगारिरहेको हुन्छ । यस्ता कुराले मानिसलाई अनुशासनमा पनि राखेको हुन्छ। जसले नियम कानून मान्दछ, ऊ अनुशासित पनि हुन्छ । अनुशासित हुनु भनेको वास्तवमा सभ्य हुनु हो। जो सभ्य हुन्छ, उसले सामान्यतया हिंसा गर्दैन वा कतैबाट जानकारी प्राप्त भएको खण्डमा हिंसाबारे बुझ्दछ र मनन गर्दछ।

मारपिट, हत्या, बलात्कार आदि हिंसा नै हो। अहिले समाजमा परिवर्तन आउँदै गर्दा यसमा केही कमी आएको पनि देखिएको छ । पहिले गरीबी र अज्ञानता बढी थियो। अशिक्षा पनि बढी नै थियो। कानूनबारे जानकारीको अभाव थियो । यिनै कारणहरूले गर्दा सामान्य कुरामा पनि विवाद भइरहन्थ्यो र विवादले झगडाको रूप लिन्थ्यो। विवाद घरायसी वा पारिवारिक वा सामाजिक आदि हुँदा बलले मिच्याइ गरेर समाधान निकाल्ने चलन थियो। जसको लाठी उसकै भैंसी भन्ने उखान चरितार्थ हुन्थ्यो तर आजभोलि चेतनाको विस्तार भइरहेको छ र कानून परिपालन नगर्दा समस्या हुन्छ भन्ने चेतनाले पनि मानिसलाई हिंसा कम गर्न प्रेरित गरिरहेको छ । यद्यपि जहाँ कट्टरता छ र जहाँ अशिक्षा र गरीबी छ, त्यहाँ अनेक रूपमा हिंसा अझै पनि देख्न पाइन्छ। अझै पनि समाजमा जति हिंसा हुन्छ, त्यसमा महिला र बालबालिकासित सम्बन्धित बढी हुन्छ। सम्बन्धित निकायमा पनि महिला र बालबालिकासित सम्बन्धित हिंसा नै बढी पुग्ने गरेको देखिन्छ।

अझै यदि हिंसाको लैङ्गिक स्वरूपलाई विचार गर्ने हो भने पुरुषभन्दा महिलामाथि हिंसा बढी हुने गरेको पाइन्छ । लैङ्गिक विभेद र हिंसा महिलामाथि जन्मपूर्वदेखि नै हुन थाल्दछ । गर्भमा हुँदा नै पहिचान गरेर खेर फाल्नेमा नब्बे प्रतिशतभन्दा बढी स्त्रीलिङ्ग हुनुपर्छ । यसपछि शिशु अवस्थादेखिको स्याहारसुसार, पालनपोषण तथा शिक्षा आदि सबै क्षेत्रमा महिलामाथि विभेद गरेर हिंसा गरिएको हुन्छ । घरमा काम गर्ने बहानामा धेरै बालिकालाई विद्यालय पठाइन्न वा घरमा पनि पढ्ने वातावरणमा कटौती गरिन्छ। छोरीमान्छेलाई खेलकूदमा त झन्डै निषेध नै छ, अहिलेसम्म पनि मधेसी समुदायमा। घरबाहिर गएर किशोरीहरूलाई कतै खेलकूद गर्ने वातावरण हुँदैन । यसको लागि सम्पूर्ण समाज नै दोषी छ। महिला भएकै कारण अझै पनि धेरै अवसरबाट वञ्चित हुनुपरेको छ। एक हिसाबले यो पनि हिंसा नै हो। यीबाहेक घर–परिवारमा अझै पनि महिलामाथि हिंसा भइरहेको छ । झैझगडा, कुटपिटमा महिलाको भाग बढी हुने गरेको छ। अझै पनि कतै कतै बोक्सीको आरोप लगाएर महिलामाथि अमानवीय दुर्व्यवहार हुने गरेको छ ।

दुर्व्यवहार सहनु र दुर्व्यवहार भोग्नुलाई महिलाले पनि नियति मान्नुहुँदैन। आजको युग यस्तो छ कि जति सह्यो उति कमजोर हो भन्ने मानसिकतालाई बढावा दिन्छ । यदि प्रतिकार हुन्छ वा सम्बन्धित निकायसम्म पुग्छ भने बल्ल लगाम लाग्न शुरू हुन्छ। कतिपयले सहन नसकेर आत्महत्या गर्ने गर्दछन्। सहन नसक्दा प्रतिकार गर्नुपर्छ। प्रतिकार गर्न नसकिने अवस्थामा विकल्प खोज्नुपर्छ। सङ्घर्षले विश्वका धेरै महिला संसारमा चर्चित बनेका छन् । सङ्घर्ष भन्नु विद्रोह होइन। समस्या महिलालाई मात्र हुने होइन, पुरुषमा पनि हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरो त समझदारी नै हो। अलिकति सहनुपर्छ र अलिकति सहन सिकाउनुपर्छ। समझदारी दुवैतिर हुनैपर्छ। तर कतिपय अवस्थामा जब यो सीमाहीन लाग्न थाल्छ तब वैकल्पिक बाटो रोज्नुपर्छ। र, यो पनि देखिएको छ कि जहाँ आत्मनिर्भरता छ, त्यहाँ महिला हिंसा कम हुन्छ । सबैभन्दा पहिले आत्मनिर्भरताको बाटो पछ्याउनुपर्छ हरेक महिलाले। आत्मनिर्भर महिलामा समस्या समाधान गर्ने क्षमताको विकास हुन्छ। यस्ता महिलामा पलायनभन्दा समझदारी र आत्महत्याभन्दा विद्रोह गर्ने क्षमता धेरै हुन्छ । यदि अन्यत्रबाट हिंसा हुन्छ भने प्रतिकार गर्ने गुणको विकास हुन्छ। आत्मनिर्भरताले महिलालाई धेरै हदसम्म सम्मान पनि दिन्छ। जहाँ सम्मान हुन्छ, त्यहाँ अपमान आउन डराउँछ। अपमान, अपहेलना, हेपाइ, गाली र शारीरिक हिंसा सबैलाई सम्मानपूर्ण जीवनले उछिनेको हुन्छ । यसकारण हरेक आमाबुबाले आफ्ना सन्तानलाई आत्मनिर्भर बनाउने बाटोमा अग्रसर हुन निरन्तर अवसर प्रदान गर्नुपर्छ। आफ्नो प्रयासमा हुन नसके तालीम, कोचिङ र अन्य विकल्पको सहारा लिनुपर्छ। जति बलियो आत्मनिर्भरता हुन्छ, त्यति बलियोगरी सबै किसिमको महिला हिंसामाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने कुरो आमाबुवाले बुझ्नु जरूरी छ। पहिले छोरीलाई बोझ मानिन्थ्यो, त्यो पनि एक किसिमको हिंसा हो । हो, आजभोलि छोरीप्रति अभिभावकको जिम्मेवारी हुन्छ, दायित्व हुन्छ भन्न थालिएको छ । यही जिम्मेवारी वा दायित्वले छोरीलाई उच्च सक्षम नागरिक बनाउन सहयोग गर्दछ जसले भविष्यमा पनि महिला हिंसाबाट रोक्न सक्छ । यो सोच परिवर्तित परिवेशमा समाजको आवश्यकता बन्न पुगेको छ ।

# 'नहुने भो राजा र रानीको भेट'

धनकुटा, २० मङ्सिर/रासस

"अब राजा र रानीको भेट हुने सम्भावना टरेर गयो," धनकुटाको चौबीसे गाउँपालिकाका अध्यक्ष राजकुमार लिम्बूले भने, "पहिला उचित पहल नभएकाले अब जोड्न सम्भव छैन।" धनकुटा जिल्लाको पर्यटकीय गन्तव्य भन्नेबित्तिकै राजारानीमा रहेको राजारानी ताल पहिलो पङ्क्तिमा नाम आउँछ ।

यही प्रसिद्धिका कारण साबिक राजारानी गाउँपालिकाको नाम स्थानीय भाषामा मावरकरपावरक भनिने राजारानी तालबाट रहन गएको हो । हाल चौबीसे गाउँपालिका–६ मा रहेको यस स्थानका कारण अझै पनि मानिसहरू चौबीसे जानेभन्दा पनि राजारानी जाने भन्ने गरेका लिम्बूको भनाइ थियो ।

वडास्थित राजारानी बजारको पूर्व, पश्चिम र दक्षिण तीनतिर अङ्ग्रेजी अक्षर 'भी' आकारमा फैलिएर रहेको क्षेत्रको रानीताल मात्र हालसम्म आंशिक संरक्षण गरिएको छ ।

निजी स्वामित्वलाई सहकारीमा परिणत गरेर हाल पूर्वी किनारमा संरक्षित रानीतालमा विभिन्न संरचना निर्माणसँगै फिसिङ, बोटिङ र मोटरबोट सञ्चालनमा रहेका अध्यक्ष लिम्बूले जानकारी दिए । उनका अनुसार निजी स्वामित्वमैं रहे पनि रानीतालको पश्चिममा अवस्थित राजाताल क्षेत्र भने समन्वय र संरक्षणको पर्खाइमा छ।



तस्वीरः रासस

पछिल्लो समय स्थानीय तह विभाजनसँगै थप बजार विस्तार भएकाले ताल संरक्षणमा कठिन भएको लिम्बूको भनाइ थियो । बजारको जनघनत्व विस्तारसँगै राजातालको बीच भागबाट भेडेटार–रवि–राँके राजमार्गको विस्तारले अब राजा र रानी ताल जोड्ने सम्भावना नरहेको उनले जानकारी दिए। यसले गर्दा अब राजारानीको भेट नहुने उनले बताए ।

"करीब पाँच सय रोपनीभन्दा बढी क्षेत्रफलमा फैलिएको राजारानी तालमध्ये १२० रोपनीमा रानीताल मात्र संरक्षित छ । दुवै तालको दक्षिणतर्फ रहेको गल्छीमा बाँध बाँध्न सके यहाँ विशाल ताल बन्छ," लिम्बूले भने, "यहाँका केही व्यक्तिहरूसँग ताल निर्माणमा सहमति हुन नसकेपछि यसको सम्भावना ज्यादै न्यून रहेको छ ।"

केही व्यक्तिहरूले जमीन उपलब्ध गराउने सहमति गरेकाले राजातालको आंशिक संरक्षणका लागि प्रारम्भिक सर्वेक्षण गरिएको उनले जानकारी दिए। लिम्बूका अनुसार यो ताल रानीतालभन्दा ठूलो हुनेछ । पूर्णरूपमा ताल निर्माण गरी संरक्षण गर्न सके पूर्वी नेपालकै एक अद्भुत जल पर्यटनको गन्तव्य हुने उनको भनाइ थियो ।

पूर्णरूपमा निर्माण गर्न सके एक किलोमिटरभन्दा लामो अङ्ग्रेजी अक्षर 'भी' आकारको ताल बन्ने स्थानीय जीवन कटुवालले बताए ।ताललाई पूर्णरूपमा संरक्षण गर्न निकै ढिलो भइसकेको उनको भनाइ थियो। देशको पुनर्संरचनासँगै सडक सञ्जाललगायत अन्य सेवासुविधाका कारण ताल संरक्षणमा कसैको चासो नदेखिएको उनले बताए ।

"जमीनको मूल्यवृद्धि हुनुका साथै ताल व्यक्तिगत जमीनमा भएकाले पनि केही समस्या भइरहेको हो । पहिलाको प्रयोगविहीन र मूल्यहीन जस्तै रहेकामा अहिले मूल्य बढेको छ," कटुवालले भने, "मूल्य कम हुँदाको समयमा संरक्षण नथालिएकाले अब पूर्ण आकारको ताल निर्माणको सम्भावना टरेको छ ।"

डेढ दशकअघि रानीताल संरक्षणपछि राजाताललाई पनि संरक्षण गरेर विशाल राजारानी ताल बनाउन पटक–पटक पहल गरे पनि असफल

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# जनतालाई भरोसा दिने सूत्रको खोजीमा छु -प्रधानमन्त्री प्रचण्ड

काठमाडौं, २० मङ्सिर/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सरकारले एक वर्षको अवधिमा जनतामा आशा जगाउन सफल भएको बताएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधवार ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोजना गरेको 'नेपालको अर्थतन्त्र र शासकीय सुधार'सम्बन्धी अन्तर्क्रियामा उनले अब सेवा प्रवाह, विकास निर्माण तथा नीति तर्जुमाका क्षेत्रमा नयाँ सुरुआत गरिने बताए।

"मैले राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा राष्ट्रको प्रतिष्ठा बढाउने जमर्को गरिरहेको छु। वर्तमान सरकार गठन भएको एक वर्ष पूरा हुँदैछ। अर्को वर्ष नयाँ सुरुआत गर्नुपर्नेछ। जसले जनतालाई नयाँ भरोसा दिन सकोस्, म त्यसको खोजीमा छु," प्रधानमन्त्रीले भने। कर्मचारीतन्त्रमा रहेका सम्पूर्ण व्यक्ति ज्ञान, अनुभव र क्षमताको दृष्टिकोणले सक्षम रहे पनि त्यसको सदुपयोग हुन नसकेको उनको भनाइ थियो।

प्रधानमन्त्रीले ने, "कर्मचारीको क्षमताको जसरी जति उपयोग हुनुपर्ने थियो, त्यसबाट सेवा र विकासलाई उपलब्धिमूलक बनाउन सकिएको छैन। यसमा कुनै न कुनै 'ग्याप' छ, त्यसलाई कसरी हल गर्ने भन्नेमा आवश्यक छलफल गर्नुपर्छ।" नेपालको कर्मचारीतन्त्र संसारकै अब्बल, व्यावसायिक, दक्ष र अनुभवी रहेको जनाउँदै उनले परिणाम दिने सन्दर्भमा राजनीतिक नेतृत्व र कर्मचारीबीचमा कहीं न कहीं तादाम्यता नमिलेको बताए।

सरकारको ध्यान शासकीय सुधार गर्नेमा केन्द्रित भएको जनाउँदै प्रधानमन्त्री प्रचण्डले प्रशासनमा सुधार गर्ने मात्रै नभई समग्र शासकीय प्रणाली नै सुधार गर्नेमा छलफल गरिरहेको बताए। "शासकीय सुधार आयोग निर्माण गरेर यसको समग्र समीक्षा गर्ने र अगाडि जाने प्रक्रियातिर हामी छौं," उनले भने।

सेवाप्रवाहका क्षेत्रमा ससाना काममा सुधार गर्दै ठूला कामको लक्ष्यलाई



निर्धारित गरेर जान जरुरी रहेको औंल्याउँदै प्रधानमन्त्री प्रचण्डले जनताले प्रत्यक्षरूपमा आफूलाई सेवा प्राप्त भएको अनुभव गरेनन् भने सरकार, कर्मचारीतन्त्र र राजनीतिक दलप्रति जनताको भरोसा कमजोर हुँदै जाने र विश्वास टुट्ने बताए। "तत्काल जनतालाई सेवाप्रवाह गर्ने विषयलाई केन्द्रित गरेर विद्यमान ऐन कानूनभित्रै बसेर सेवाप्रवाहमा सुधार गर्न सकिने के हो ? ऐन संशोधन गरेर दीर्घकालीन ढङ्गले नै जानुपर्ने के हो भन्नेबारेमा ठोस निष्कर्षमा पुग्नुपर्नेछ," उनले भने।

आफू र मातहत निकायको नियमित कामलाई नतीजासँग कसरी जोड्ने भनेर सरकार लागिपरेको उल्लेख गर्दै प्रधानमन्त्रीले आफू प्रधानमन्त्री बन्ने बित्तिकै सचिवलाई दिएको निर्देशनको परिणाम निराशाजनक जस्तो देखिएको बताए। "कहीं न कहीं समस्या छ। समाधान गर्ने उपाय पनि खोज्नुपर्ने हुन्छ," उनले भने।

प्रधानमन्त्री प्रचण्डले गत वर्ष सरकार प्रमुखका हैसियतमा आफूले अर्थतन्त्रका समस्या समाधानका लागि सामान्य सुधारका उपायमार्फत मात्रै नहुने देखेपछि गम्भीर ढङ्गले सोचेर तत्काल सुधारतर्फ जान जरुरी रहेकाले सुधारको प्रक्रिया थालनी गरिएको स्मरण गरे।

"आउने दिनमा अर्थतन्त्रमा गुणात्मक सुधार ल्याउन उपायको खोजी गर्नुपर्नेछ," उनले भने, "नीतिगत र संरचनागतरूपमा कहाँ चुकेका छौं, कार्यशैलीमा सीमा कहाँनेर छ, त्यो विषयको गहिरो छानबीन हुनुपर्छ।"

सरकार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने दिशातर्फ अघि बढेको जानकारी दिंदै प्रधानमन्त्रीले भने, "प्रशासनिक क्षेत्र तथा अर्थतन्त्रमा गर्न सकिने र तत्काल गर्नैपर्ने सुधार के हो ? जसले जनतामा भरोसा पैदा गर्न सकोस्, दीर्घकालीन ढङ्गले दिशानिर्देश गर्नुपर्ने र लक्ष्य निर्धारण गर्नुपर्ने के केमा हो ? भन्ने विषयको निष्कर्ष आउनुपर्छ।"

सरकारी सेवाप्रवाहमा सुधार महसूस नभएसम्म जनता सन्तुष्ट नहुने उल्लेख गर्दै उनले सेवा र विकासको आधारमा जनताले सरकारप्रति सन्तुष्टि वा असन्तुष्टि जाहेर गर्ने भएकाले यसमा राजनीतिक चलखेल हुन नहुने धारणा राखे।

जनताका विचार सरकार तथा सरोकारवाला निकायले सुनेर समस्या समाधानतर्फ केन्द्रित हुनुपर्ने भन्दै सरकार तथा सेवाप्रदायक निकायप्रति जनताले भरोसा गर्ने कामतर्फ सबै लाग्नुपर्नेमा प्रधानमन्त्री प्रचण्डले जोड दिए। सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिका लागि प्रयास जारी राखेको बताउँदै जनता पूरै सन्तुष्ट हुनेगरी सेवा दिन नसकिएको र अर्थतन्त्र सुधारोन्मुख भएपनि दबाबमुक्त भइनसकेको उल्लेख गरे।

# एनसेल खरीद-बिक्रीबारे १५ दिनभित्र यथार्थ जानकारी दिन अर्थ समितिको निर्देशन

काठमाडौं, २० मङ्सिर/रासस

दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेलको शेयर स्वामित्व खरीद-बिक्री भएको विषयमा यथार्थ जानकारीसहित विवरण १५ दिनभित्र पेश गर्न सङ्घीय संसद् अन्तर्गतको अर्थ समितिले नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ।

समितिले बुधवार यस विषयमा प्राधिकरणलाई छलफलका लागि बोलाएर जानकारी लिएको थियो। प्राधिकरणसँगको छलफलपछि समितिले एनसेल खरीद-बिक्रीको वास्तविकतासहितको सम्पूर्ण विवरण १५ दिनभित्र लिखितरूपमा पेश गर्न निर्देशन दिएको सभापति सन्तोष चालिसेले जानकारी दिए।

"आजको छलफलका क्रममा उठेका विषय र एनसेलको स्वामित्व खरीद-बिक्रीका सन्दर्भमा विस्तृत अध्ययनसहित जानकारी पेश गर्न निर्देशन दिने निर्णय भएको छ," सभापति चालिसेले भने।

समितिको आजको बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले एनसेल आजियटा लिमिटेडले शेयर खरीद-बिक्रीसम्बन्धी कागजात सङ्कलनको क्रममा रहेकाले चाँडै त्यसबारे जानकारी गराउने पत्र प्राप्त हुने बताए। यो कारोबार शङ्कास्पद देखिएकाले प्राधिकरणले सूक्ष्मरूपमा अध्ययन थालिसकेको पनि अध्यक्ष खनालको भनाइ छ।

"शेयर खरीद-बिक्रीबारे जानकारी मागसहित प्राधिकरणले एनसेललाई यही मङ्सिर १५ गते पत्राचार गरेकामा मङ्सिर १९ गते त्यसको जवाफ प्राप्त भएको छ। उसले अहिले शेयर खरीद-बिक्रीसँग सम्बन्धित कागजात सङ्कलनका क्रममा रहेको र नेपालको विद्यमान कानूनी प्रावधानभित्र रहेरै त्यसबारे सम्बन्धित निकायलाई जानकारी दिने तयारी भइरहेको बताएको छ," अध्यक्ष खनालले अर्थ समितिको बैठकमा भनेका छन्।

मलेशियाली कम्पनी 'आजियटा ग्रुप बर्हाड'ले गत शुक्रवार एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्रलाइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि यो व्यावसायिक

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो

काठमाडौं, २० मङ्सिर/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। बुधवार नेप्से परिसूचक तीन दशमलव ३३ अङ्कले बढेर एक हजार ८४१ दशमलव ०४ बिन्दुमा कायम भएको हो।

आज ३७ लाख ५५ हजार १२४ कित्ता शेयर खरीद-बिक्रीबाट रु एक अर्ब १४ करोड १८ लाख १२ हजार ३८२ बराबरको कारोबार भएको छ। आजको कारोबारमा सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक दशमलव २१ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा उत्पादन तथा प्रशोधन समूहको उपसूचक शून्य दशमलव ७० प्रतिशतले घटेको हो।

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड नौ दशमलव १३ प्रतिशतले घटेको छ।

कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको रु सात करोड ३४ लाख ४९ हजार १७ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याको आधारमा भने सबैभन्दा धेरै प्राइम कमर्सियल बैंक प्रमोटर शेयर एक लाख ८० हजार १०५ कित्ता शेयर किनबेच भएका छन्।

# एनसेल बिक्री प्रकरणमा सरकारको कुनै कमजोरी छैन

भक्तपुर, २० मङ्सिर/रासस

नेकपा (माओवादी केन्द्र)का प्रवक्ता




तस्वीरः रासस

एवं पूर्वसभामुख अग्नि सापकोटाले एनसेल बिक्री प्रकरणमा सरकारको कुनै कमजोरी नभएको बताएका छन्।

रफत सञ्चार क्लबले बुधवार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उनले सरकारले बनाउने शक्तिशाली अध्ययन तथा छानबीन कमिटीले दोषी देखिए कारबाई गर्न पछि हट्न नहुने बताएका छन्। उनले भने, "एनसेल बिक्री प्रकरणमा सरकार दोषी छैन, छानबीन कमिटीको प्रतिवेदनमा कोही दोषी देखिए दोषीलाई कारबाई हुनुपर्छ।" उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्न खोजेको काममा सरोकारवालाले सहयोग नगर्दा समस्या आएको बताए।

प्रवक्ता सापकोटाले भने, "जनताको अपेक्षा अनुसारको विकास निर्माण र चाहना पूरा गर्न सिङ्गो मन्त्रिपरिषद् परिचालन हुन सकेन, प्रधानमन्त्रीले धेरै काम गर्न खोज्नुभयो, तर मन्त्रिमण्डलमा रहेका मन्त्रीहरूले उहाँलाई सहयोग गरिरहेका छैनन्, कर्मचारीले त झनै सरकारलाई सहयोग गरेका छैनन्, त्यसैले सरकारलाई काम गर्न समस्या परिरहेको छ।"

भूकम्पपीडितलाई राहत वितरण र उद्धारमा प्रधानमन्त्री एक्लैले धेरै प्रयास गरेको उल्लेख गर्दै उनले सम्बन्धित निकायले सहयोग नगर्दा राहत नपाएर मृत्यु भएका दुःखद घटना सुन्नुपरेको बताए।

नेपाली सेनालाई राहत वितरणको जिम्मेवारी दिने सरकारको निर्णय राम्रो भएको जनाउँदै उनले सरकारले जनताको गुनासो र आलोचनालाई भने सम्बोधन गर्नुपर्ने बताए। उनले सत्तागठबन्धनमा कुनै समस्या नभएको र पाँच वर्ष नै यो गठबन्धन रहने जिकिर गर्दै गठबन्धनले जनताको धैर्यता र निराशालाई टुट्न दिन नहुने बताए।

सरकारले ललिता निवास प्रकरण, सुन तस्करी काण्ड, शरणार्थी प्रकरण जस्ता काण्डमा धेरै राम्रो काम गरेको उल्लेख गर्दै उनले प्रधानमन्त्रीको विदेश भ्रमणले सबै देशसँग कूटनीतिक सम्बन्धमा सन्तुलन कायम भएको बताए।

पार्टीहरूमा आन्तरिक लोकतन्त्र कमजोर हुँदा देशको लोकतन्त्र पनि कमजोर हुन पुगेको भन्दै उनले लोकतन्त्रलाई बलियो बनाउँदै जनताको चाहना पूरा गर्न सबै पार्टीले साझा राष्ट्रिय दृष्टिकोण बनाउनुपर्ने आवश्यकता रहेको बताए।

जनताको आवाज बुलन्द गर्नुपर्ने संसद् अहिले अलमलिएको टिप्पणी गर्दै उनले भने, "संसद् जीवन्त र जनमुखी बन्न सकेन, संसद्भन्दा माथि कोही हुँदैन, लोकतन्त्र र जनताको आवाज घन्किनुपर्ने संसद्मा अलमलिएको छ, विधेयकहरू पास हुन सकेका छैनन्, संसद्मा लोकतन्त्रको अभ्यास हुन जरुरी छ।"




**सुलीमा मकै:** म्याग्दीको बेनी नगरपालिका-५ गाजनेस्थित एक घरमा परम्परागत शैलीमा राखिएको मकैको सुली। सुलीमा मकै राख्दा घामपानी तथा कीराबाट सुरक्षित राख्न सकिन्छ। तस्वीरः रासस

# आयुर्वेदिक जुसप्रति स्थानीयको आकर्षण बढ्दो

वीरगंज (पर्सा), २० मङ्सिर/रासस

न ठूलो पूँजी, न त कुनै ठूलो व्यवसाय। तर पनि वीरगंज महानगरपालिका रानीघाट निवासी रमेश साह सोनार राम्रो आम्दानी गरिरहेका छन्। उनको कमाइको स्रोत कुनै जागीर वा अन्य व्यवसाय नभई आयुर्वेदिक जुस बनाएर बेच्ने पेशा हो। वीरगंजमा आयुर्वेदिक जुसवालाका रूपमा परिचित ४८ वर्षीय सोनार यहाँस्थित घडीअर्वा पोखरीको किनारामा हरेक दिन बिहान आयुर्वेदिक जुस बनाएर बिक्री गरी राम्रो आम्दानी गरिरहेका छन्।

युटचुब च्यानलहरूबाट जैविक तरकारी र फलफूलबाट जुस बनाउने तरीका सिकेका उनी जैविक तरकारी, सागपात र जडीबुटी मिसाएर आफैंले तयार पारेको जुस बेचेरै आफ्नो छजनाको परिवार पाल्दै आएका छन्।

गरीबी र पारिवारिक कारणले आफूले राम्ररी पढ्न नपाए पनि छोराछोरीलाई राम्रो शिक्षा दिलाउने उनले बताए। विगत एक वर्षदेखि आयुर्वेदिक जुसको व्यवसाय गर्दै आएका उनले धेरै स्थानीयको मन जितेका छन्।

लौका, तीते करेला, गाजर, धनियाँ पात, पुदिनालगायत २५ प्रकारका आयुर्वेदयुक्त तरकारी, सागपात र फलफूल मिसाएर तयारी गरिने आयुर्वेदिक जुसप्रति स्थानीयको आकर्षण बढ्दै गएको छ। जुस बेचेर उनले दैनिक रु डेढ हजारदेखि दुई हजारसम्म कमाइ हुने बताए।

"एक कप जुसको रु २० लिन्छु, दिनमा ८० देखि एक सय कपसम्म जुस बिक्री हुन्छ," उनले भने, "शुरूशुरूमा कमै बिक्री हुन्थ्यो, अहिले ग्राहकहरू बढ्दै गएकाले राम्रै कमाइ हुन्छ।" स्वास्थ्यको



दृष्टिकोणले समेत उपयुक्त मानिने आयुर्वेदिक जुसको माग बढ्दै गएको उनले बताए। थोरै लगानीबाट शुरू गरेको व्यवसायबाट राम्रो आम्दानी भइरहेकोले मजदूरी गर्न अन्यत्र जानुपर्ने उनको बाध्यता हटेको छ। "जुस बेचेर थोरै बचत गरेको छु," उनी भन्छन्, "अब वीरगंजको कुनै ठाउँमा सटर भाडामा लिएर अझै ठूलो जुस पसल खोल्ने तयारीमा छु।" अरूको अधीनमा बसेर मजदूरी गर्दा थुप्रै समस्या हुने भएकाले मन खिन्न हुने उनको जिकिर थियो। "अहिले आफ्नो घुमफिरको व्यापार छ, स्वतन्त्ररूपमा जति मिहिनेत गर्छु, त्यो हिसाबले आम्दानी हुन्छ, अहिले म ढुक्क छु," उनले भने।

'थोरै कमाऊ तर देशमैं बसेर मिहिनेत गरेर कमाऊ' भन्ने सोच भएर आफू विदेश नगएर स्वदेशमैं कम लगानीमा राम्रो आम्दानी गर्दैछु, यसबाट आफू र आफ्नो परिवारका सदस्यहरू सन्तुष्ट छन्, उनको भनाइ छ।

विदेशमा गएर कडा मिहिनेत पनि गर्नु र दुःख पनि झेल्नुभन्दा परिवारका सदस्यहरूसँगै बसेर कमाउनुको मज्जा बेग्लै छ, त्यसमा पनि स्वदेशमैं बसेर राम्रो आम्दानी हुन थालेपछि किन विदेश जानु ? उनी प्रश्न गर्छन्।

ग्यास्टिक, मधुमेह, उच्च रक्तचाप, मुटु, मिर्गौलालगायतल बिरामीहरूका लागि अत्यन्तै फाइदाजनक हुने भएकोले आफूले बनाउने आयुर्वेदिक जुसप्रति धेरैको आकर्षण बढेको उनको भनाइ छ।

स्वास्थ्यको दृष्टिकोणले पनि उपयुक्त हुने भएकोले पछिल्लो समय धेरैको आकर्षण आयुर्वेदिक जुसप्रति बढेकाले उनको व्यापार फस्टाएको स्थानीय शङ्कर कानूको बुझाइ छ।

वीरगंजका स्थानीय व्यापारी कृष्ण साह भन्छने्, "सोनारले बाबा रामदेवले सिकाए जस्तै आयुर्वेदिक सामग्री हालेर बनाउने जुसप्रति बिहान घडीअर्वा पोखरीमा घुम्न आउनेको आकर्षण बढेको त छ नै अन्य व्यक्तिहरूको पनि आकर्षण बढ्दै गएको छ।" पिउन स्वादिष्ट र स्वास्थ्यको दृष्टिकोणले समेत राम्रो हुने भएकोले धेरैले उनको आयुर्वेदिक जुस पिउन मन पराउन थालेका छन्।

केही वर्षयता विदेश जाने युवाहरूको लर्को नै लाग्ने गरेका बेला उनले स्वदेशमैं बसेर कम लगानीबाट राम्रो आम्दानी गर्न सकिन्छ भने उदाहरणसमेत प्रस्तुत गरेका छन्। बढी पैसा कमाउने लोभमा विदेश पलायन हुने युवाले उनीबाट पाठ सिकेर स्वदेशमैं कमाउने बाटो खोज्नु जरुरी रहेको स्थानीयहरू बताउँछन्।

# मिसमास : तीतामीठा समाचार

मन्तव्य



कुमारबन्धु रुपाखेती

**पञ्चायतकालमा कम्युनिस्ट बिग्रेपछि केशरजङ्ग रायमाझीजस्तै राजावादी बन्छन् भनिन्थ्यो । राजावादी अर्थात् शानशोकत देखाउने, चौरासी व्यञ्जन खाने, पावरमा रम्ने, स्टार होटलमा रमाउने आदि । प्रचण्ड र ओली बिग्रेर राजावादी चालमा गएको हेर्नुस् त !**

रूसमा अवैधरूपमा सेनामा भर्ना भएका नेपाली लडाकू मारिए, हमासले नेपाली विद्यार्थीलाई बन्धक बनायो, रिहा गराउन सरकार असफल, खाडीको जेलमा निर्दोष नेपाली, बर्मामा चिनियाँ नागरिकले नेपालीलाई अपहरण गरे, दैनिक विदेशिने झुन्ड बढ्दो, ज्यूँदो नेपाली मरेर बाकसमा फिर्ता । अचेल विदेशमा रहेका नेपालीबारे यस्तैयस्तै समाचार आउँछ भने मुलुकभित्रको समाचारमा भ्रष्टाचार, आत्महत्या, बलात्कार, हिनामिना, सत्ताको चरम दुरुपयोग, लागू दुर्व्यसन आदि प्रमुख समाचार हुन् ।

मुलुक र सरकारका यस्तै असफल कथाहरू बोकेर विभिन्न पेशा र जात धर्मका मान्छेहरू एकाभोरैदेखि वीरगंजको चियापसलहरूमा आफ्नो ज्ञान र जानकारी साटासाट गरिरहेका देखिन्छन्। पावरहाउसचोकदेखि छपकैयासम्म एकाबिहानै दर्जनौं चियापसल चलायमान भइसकेका हुन्छन् । फूटपाथमा आठ दशवटा कुर्सी राखेर जमघट हुने यस्ता चियापसलमा कर्मचारी, बेरोजगार, मर्निङवाकरहरू, महानगरका केही जनप्रतिनिधि तथा सफाइकर्मीहरू, ऐरूगैरू नत्थु खैरूदेखि छुटभैया नेताहरूसमेत रहन्छन् । बिहान खुल्ने यस्ता चिया पसलको श्रेणीसमेत छ । घण्टाघरतिर बसपार्कको चियापसलमा ड्राइभर, खलासी, बदमाशजस्ता देखिने आइमाई, जेबकतरा आदिको जमघट रहन्छ भने मेनरोडमा कतै पत्रकारबन्धुहरू, सानातिना ठेकेदार र कर्मचारी र बिचौलियाहरू देखिन्छन् भने उत्तरतिर बाहिरिया र दुई नम्बरेहरूसमेत चिया पारखी पाइन्छन् भने महँगो र मीठो चियाको लागि प्रसिद्ध आदर्शनगरमा भद्रभलाद्मी, व्यापारी, उद्योगी, छोटेमोटे नेता, ठेकेदार देखिन्छन् भने सबैजसो चियापसलमा बिहानको चीसोबाट बच्न बसबाट ओर्लेका यात्रुहरूसमेत भेटिन्छन्। यस्ता चियापसलमा बिहान पाँच बजेदेखि नौ बजेसम्म असरल्ल भीड देखिन्छ । कतिपय स्कूल, कलेज, बिहानैदेखि खुल्ने हुँदा विद्यार्थी, स्कूलको गाडी, अभिभावक, तरकारी किन्नेहरू, यात्रुहरूले गर्दा एकासबेरैदेखि वीरगंजको मेनरोडमा चहलपहल देखिन्छ ।

बिहानीपख आक्रामक छाडा कुकुरको जमात एकातिर हुन्छ भने अर्कोतिर घरपालुवा कुकुरका शोखिनहरूले आफ्नो प्यारो कुकुरलाई सडकमा जथाभावी हगाउन, मुताउन ल्याएको दृश्य पनि यत्रतत्र देखिन्छ । वीरगंज महानगरमा अचेल बिहानैदेखि सयकडौं चिया पसल सञ्चालनमा छन्, बिहान चियाको व्यापार गर्ने अनि दिउँसो फुर्सदमा अन्य काम गर्नेहरू पनि छन् । नेपालको वीरगंजमा चियाप्रेमीहरूको बढ्दो सङ्ख्या र आम्दानी देखेर भारतको बिहार र राजस्थानबाट आएकाले समेत यहाँ थुप्रै चियापसल सञ्चालन गरेको देखिन्छ । अधिकांश मर्निङवाकर्रहरू धित मार्ने चिया पसलको वरिपरि झुम्मिएका हुन्छन् । त्यस्तै एकाभोरै भेटिनेहरूमा स्थानीय दैनिकका हकरहरूको पहिलो रोजाइ पनि चियापसल नै हुन्छ । नेपालमा उखुको न मूल्य छ न सरकारी अनुदान नै छ । त्यसैले यताका कृषकहरू आफ्नो उत्पादित उखु बिहार पठाउँछन् । भनिन्छ ठालू व्यापारीहरूको दबाबमा सरकारले भारतबाट अनुदानको चिनी भित्र्याउन कञ्जुस्याइँ गरेको छ । जसले गर्दा चिनी माफियाले लुट मचाएका छन् । लाजमर्दो कुरा त के छ भने हेटौंडा, पथलैया, चन्द्रपुर, निजगढसम्मबाट गृहिणीहरू घुमफिर गर्दै रक्सौल पुगेर १० किलो घरखर्चको चिनी खरीद गर्न बाध्य छन् । अहिले नेपालमा सुन भित्रिन सजिलो छ तर चिनी भित्रिन गाह्रो छ रे । प्रचण्डहरू कुर्सी बचाउन, गठबन्धनको आयु लम्ब्याउन व्यस्त छन्, ओलीहरू मिशन ८४ मा व्यस्त छन्, कर्मचारीहरू विदेश घुम्न मस्त छन्, रवि लामिछानेहरू प्रवासमा सङ्गठन विस्तारमा सक्रिय छन्, राजावादीहरू गणतन्त्रको विरोधमा जनविद्रोहको आँधीबेहरी ल्याउने तामझाम गर्दैछन्, जाजरकोटमा भूकम्पपीडितहरू चीसो, भोक, कुपोषणले ज्यान फाल्दैछन्, जर्जर सडक दुर्घटनाले मासिक सयौं नेपाली अकाल मृत्युवरण गर्न बाध्य छन् । अङ्गभङ्ग हुने सङ्ख्या अनगिन्ती छ । तैपनि, सौ में से नब्बे बेइमान, फिर भी मेरा भारत महान् भनेझैं गणतन्त्रको तूफानी गुणगान जारी छ । भनिन्छ भारतमा तल्लो दर्जाका नेताहरू भ्रष्टाचारमा बढी लिप्त हुन्छन् तर नेपालमा उपल्लो तहका नेता भ्रष्टाचारी देखिएका छन् ।

नेपालका दोस्रो दर्जाका, तर मौका नपाएर बुढ्यौलीतिर पुग्दै गएका चतुरहरूका अनुसार; गणतन्त्र होइन, पार्टीका शीर्ष नेताहरूको विरोधमा जनलहर मौलाएको छ भन्दै एक तीरबाट दुई निशाना गर्दै शीर्ष नेताहरूको विपक्षमा जनलहर देखाएर तर्साउने अनि शीर्षको स्थानमा आफू बस्ने षड्यन्त्रमा दलका दोस्रो तहका नेता एकढिक्का बन्दैछन् । सबैलाई थाहा छ मासु पाकेको घरको ढोका कुकुरले नछोडेझैं शीर्ष भनाउँदाहरू सरकार र पार्टीको उच्च पदमा जुकाझैं टाँसिएका छन् । सुधारका लागि विद्रोह गर्नेलाई प्रतिगामीको बिल्ला भिराउने चलन हाम्रो गणतन्त्रको विशेषता नै हो । सरकारी उदासीनताले नेपालमा कृषि उत्पादन घटेको घट्यै छ । छद्म गणतन्त्र भनेकै यही हो, कौवा चले हंस की चाल सम्भव छ र ? अब हेर्नुस् न बझाङमा खेल्ने मैदान नबनाइदिएकोले अस्ति एउटा ठूलो भलिबल प्रतियोगिता मसानघाटमा सम्पन्न भयो र हजारौं खेलप्रेमीहरूले मसानघाटमा घण्टौं उभिएर प्रतियोगिता हेरे । भूकम्पपीडित प्रधानमन्त्री कोषमा करोडौं जम्मा छ तर पीडित सुत्केरी र लालबालाहरू भोक र चीसो खप्न नसकेर अकाल मृत्युवरण गर्दैछन् ।

वीरगंजको भन्सार कार्यालयतिरका चियापसलमा रक्सौलबाट मर्निङवाकमा आउने भारतीयहरू ग्राहक बन्दछन् । बिहान चिया पिउन भन्सारतिर आउने बिहारीहरू साँझपख दारू पिउनसमेत सीमापारी धाउँछन् । अर्थात् हाम्रो चिया मात्र होइन रक्सी पनि लोकप्रिय छ ।

नेपालमा स्तरीय लोकल रक्सी उत्पादन भए पनि बनाउन रोक छ, तर व्यापारीहरूको सेवामा सरकारले महँगो विदेशी दारु मगाउन लाइसेन्स नै दिएको छ । हामीजस्ताका लागि त विदेशी रक्सीको सेवन चार आनाके मुर्गी, आठ आनाके मसाला जस्तै हो । हाम्रा अधिकांश नेता र पैसावालाहरू स्वदेशी उत्पादनको सट्टा विदेशी रक्सीमा रमाउनुलाई आफ्नो शान ठान्दछन् ।

उहिलेउहिले पञ्चायतकालमा कम्युनिस्टहरू बिग्रिएपछि केशरजङ्ग रायमाझीजस्तै राजावादी बन्छन् भनिन्थ्यो । राजावादी अर्थात् शानशोकत देखाउने, चौरासी व्यञ्जन खाने, पावरमा रम्ने, स्टार होटलमा रमाउने आदि । साँच्चै प्रचण्ड र ओली बिग्रिएर राजावादी चालमा गएको हेर्नुस् त ! सर्वहाराबाट राजावादी बनेका यिनको शानशोकत खाडी मुलुकमा सुल्तानहरूलाई मात दिने खालको छैन त ? अनि नवराजावादीहरू मुर्दाबाद भन्नु परेन त !

# केरा खाने हैन ? बरफल्याङ आउनुस्

अर्जुनधारा (झापा), २० मङ्सिर ⁄ रासस

कुनै समय रोजगारका गाउँमा काम खोज्दै हिंड्ने नरबहादुर गजमेर केरा गोड्न व्यस्त देखिन्थ्ये । निर्वाहका लागि रोपेको कोदो, मकैले वर्षमा तीन महीना पनि धान्न छोडेपछि गजमेरको रोजाइमा केराखेती परेको हो । उनले तीन बिघामा केराखेती गर्दै आएको बताए । गजमेर जस्तै इलामको रोङ–२ का अधिकांश कृषिको मुख्य आयस्रोतको रूपमा केराखेती रहेको छ ।

कुनै समय 'के खाऊँ के लाऊँ' भन्ने पीरमा बाँच्ने रोङ–२ बरफल्याङका बासिन्दा अहिले केरा र सुपारी स्याहार्न व्यस्त देखिन्छन् । २०४५ सालतिर चाडपर्वमा खानका लागि रोपिएको केरा अहिले उनीहरूको गर्जो टार्ने गतिलो माध्यम बनेको छ । केही वर्षअघिसम्म सिंचाइ अभावमा जमीन बाँझै राख्ने इलामको रोङ–२ का स्थानीयको बारी अहिले कतै खाली छैन । स्थानीय किसान टङ्क अधिकारीले भने, "२०४५ सालतिर बारीको डिलमा रोप्ने गरेको थिएँ । पछि राम्रो भएपछि बारीभित्र पनि सुपारी र केरा रोप्न थालेको हुँ ।"

सुपारी र केरा बहुतले खेतीका रूपमा



रोप्ने गरेको अधिकारीले बताए । केही वर्षदेखि बजारको समेत राम्रो सम्भावना हुन थालेपछि स्थानीयले केराखेती व्यावसायिकरूपमैं गर्न थालेका हुन् । हाल रोङ–२ को बरफल्याङ, दूधे, बगैंचा, धनसार क्षेत्रका बासिन्दाले व्यावसायिकरूपमा केराखेती गरिरहेका वडाध्यक्ष टेकबहादुर तामाङले बताए । किसानले स्थानीय जातका लाल, भण्डारी, घ्यू केरा र उन्नत जातको सिङ्गापुरिया केरा लगाएको किसान अधिकारीले बताए । केरासँगै बहुतले खेतीका रूपमा सुपारीखेतीसमेत गर्न सकिने भएपछि सबै बारीमा केरा र सुपारी रोपेको कृषक रामचन्द्र दाहालले बताए ।

किन्नका लागि व्यापारी घरघरमा आउने गरेकाले बजारको कुनै समस्या नभएको किसान मनोज दाहालले बताए । किसानले उत्पादन गरेको केरा खरीद गर्न व्यापारी बारीमैं पुग्छन् । व्यापारीले प्रतिघारी रु एक सयदेखि साढे तीन सयसम्ममा किन्ने गरेको किसान नथुनीदास चौधरीले बताए । चौधरीले भने, "लगभग तीन बिघामा केरा र सुपारी लगाएको छु, घर चलाउन मज्जाले पुगेको छ । केरामा अरू ठूलो रोग नदेखिए पनि गबारो र बर्खाको समयमा छिर्का बस्ने समस्या देखिने गरेको किसान कर्ण खड्काले बताए ।

प्रशस्त मात्रामा केराको खेती रहेको सो क्षेत्रमा यसअघि केराको फल र पात घाँसका रूपमा मात्र प्रयोग गरिने गरेको भएपनि अहिले केराका पात, जरा, गाना, फल, बुङ्गो र कोसाको भेट्नोबाट ५० भन्दा बढी परिकार बनाउनका लागि तालीम सञ्चालन गरेको वडाध्यक्ष तामाङले बताए । केराबाट तरकारी, अचार, समोसा, मःमः, चिप्स, निम्की, पकौडा, चप, मिटबल, जुस, वाइन, ब्रान्डी, रोटीलगायत चार दर्जन बढी परिकार बनाउन सकिने स्थानीय कृषकले बताए ।

विशेषगरी केराको पकेट क्षेत्र रहेको रोङ गाउँपालिका–२ मा जिल्लामैं सबैभन्दा बढी केरा उत्पादन हुन्छ । यहाँ तीन सयभन्दा बढी कृषकले व्यावसायिकरूपमा केराखेती गर्दै आएका छन् । उनीहरूले न्यूनतम तीन रोपनीदेखि तीन बिघा क्षेत्रमा केरा लगाएका छन् । किसानले सुपारी र केराबाट प्रतिकट्ठा वार्षिक रु ५० हजारसम्म आम्दानी गर्ने गरेका छन् । स्थानीयले केराका विभिन्न परिकार उत्पादन गरी स्थानीय क्षेत्रबाट बिक्रीसमेत गर्न थालेका छन् । स्थानीयले उत्पादन गरेको केरा झापाको शनिश्चरे, बिर्तामोड हुँदै राजधानी काठमाडौंसम्म पुग्ने गरेको छ ।



**मारुनी नाचः** भूपू सैनिक राइजिङ सेकेन्डरी स्कूल रामपुर पाल्पाको बुधवार आयोजित रजतजयन्ती समारोहमा विद्यार्थीहरूद्वारा देखाइएको मारुनी नाच । तस्वीर : रासस

## फरक समाचार

# फोनमा भाइरस भएको कसरी थाहा पाउने ?

डिजिटल दुनियाँमा हैकिङको खतरा पनि बढ्दैछ । हैकर्सहरू हैकिङका नयाँनयाँ तरीका अपनाएर मोबाइल फोनमा प्रवेश गर्छन् । हैकर्सहरूको उद्देश्य बैंकिङ




जानकारी चोर्ने र अन्य जानकारी थाहा पाउने हुन्छ । गूगलले एन्ड्रोइडबाट मैलवेयरसँग लड्न र त्यसलाई हटाउनको लागि तरीका बताएको छ । तर ती तरीका जान्नुभन्दा पहिले मोबाइल फोनमा मैलवेयर वा भाइरस छ कि छैन ती सङ्केतबारे जानकारी लिनुपर्छ ।

यदि तपाईंको गूगल अकाउन्ट स्वतः साइनआउट हुन्छ भने यो एउटा ठूलो सङ्केत हुन्छ कि फोनमा हैकर्सको पहुँच भइसकेको छ । तसर्थ साइनआउट किन भयो, त्यसबारे अवश्य जानकारी लिनुपर्छ ।

फोनमा कुनै पपअप विज्ञापन देखिन्छ भने यो मैलवेयरको कारणले हुन सक्छ । साथै फोन निकै स्लो चलिरहेको छ भने फोनको गतिविधिमाथि निगरानी गर्नुपर्छ । मोबाइलको मेमोरी स्पेस चाँडै भर्न थालेको छ भने हैकर्सले तपाईंको स्वीकृतिविना मोबाइलमा केही कुरा डाउनलोड गरिरहेको हुन सक्छ ।

यदि मोबाइल फोनको ब्राउजरमा कुनै एडल्ट कन्टेन्ट रिडाइरेक्ट भइरहेको छ भने हैकर्सले तपाईंको मोबाइलसँग छेडछाड गरेको हुन सक्छ । यदि तपाईंका मित्र वा परिवारलाई यस्तो सन्देश पाउँछन्, जुन तपाईंले पठाउनुभएको छैन भने कसैले तपाईंको मोबाइलमा पहुँच बढाएको हुन सक्छ ।

**बचाउको तरीकाः** गूगलले सल्लाह दिएको छ– तपाईंले प्ले प्रोटेक्ट अन गर्नुभएको छ कि छैन । त्यसको लागि प्ले स्टोरमा जाने, प्रोफाइल आइकनमा टैप गर्ने र त्यसपछि प्ले प्रोटेक्टमा टैप गर्नुपर्छ । त्यसपछि सेटिङमा क्लिक गर्ने र प्ले प्रोटेक्टको साथ स्क्याम एपलाई चालू गर्नुपर्छ ।

गूगलको भनाइ अनुसार डिभाइस सफ्टवेयरमा लेटेस्ट उपलब्ध भर्जनलाई अपडेट राख्नुपर्छ । यदि तपाईंको मोबाइलमा पुरानो भर्जनको सफ्टवेयर छ भने त्यसलाई अपडेट गर्नुपर्छ । गूगल प्लेको अलावा अन्य बाहिरी स्रोतबाट एप इन्स्टल गर्नुहुँदैन । अन्य वेबसाइटमा पाइने निश्शुल्क एपबाट जोखिम बढ्न सक्छ ।

# खुट्टा नीलो देखियो भने सतर्क हुनुहोस्

खराब दिनचर्या र खानपानको कारण हृदयघात हुन सक्छ । हृदयघात हुनुभन्दा पहिले शरीरले थुप्रै लक्षण देखाउँछ । छाती वरपर मात्र होइन शरीरको कुनै पनि भागमा हृदयघातको लक्षण देखिन्छ । त्यसमध्ये खुट्टा पनि एउटा हो ।



यदि खुट्टाको छाला नीलो भएको छ भने तपाईंलाई हृदयघात हुन सक्छ । हृदयघात हुनुभन्दा पहिले शरीरमा रक्तसञ्चार सही ढङ्गले हुँदैन, जसले गर्दा खुट्टा नीलो हुने र सुन्निने गर्छ । मुटुले जब सही ढङ्गले काम गर्दैन, तब खुट्टा लामो समयसम्म सुन्निने र नीलो हुने गर्छ । त्यति बेला तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नुपर्छ किनभने यो हृदयघातको लक्षण पनि हुन सक्छ । यसको अलावा खुट्टा दुखिरहन्छ भने हृदयघात हुन सक्ने चिकित्सकहरूको भनाइ छ ।

# ड्रैगनफ्रूटका फाइदा

अहिले बजारमा ड्रैगनफ्रूट पाइरहेको छ । यसको रङ्गको कारण यसलाई ड्रैगनफ्रूट भनिएको हो । यसले शरीरबाट थुप्रै विकार हटाउनुका साथै शरीर स्वस्थ बनाउँछ ।



ड्रैगनफ्रूटमा प्रोटीन, फाइबर, वसा, कार्बोहाइड्रेट, खनिज, क्याल्शियम, आयरन, म्याग्निशियम, सोडियम, फोलिक एसिड, भिटामिन ई, सी आदि पाइन्छन् । यो फल सबै रोगको लागि रामबाण मानिएको छ । यसले शरीरको प्रतिरोधक क्षमता बढाउनुका साथै अनुहार चाउरिएको, चायापोतो, कपाल झर्ने, घामले पोलेको छाला आदिमा निकै लाभ पुऱ्याउँछ । फाइबरले भरिपूर्ण भएकोले यसले पेट सफा गर्नुका साथै कोलेस्ट्रोल कम गर्छ । ड्रैगनफ्रूटले ब्लड सुगर नियन्त्रित राख्नुको साथै हृदयघातको खतरालाई कम गर्छ । कपाल राम्रो बनाउँछ ।

ड्रैगनफ्रूट अमिलो हुन्छ, त्यस कारण गठियाको दुखाइ कम गर्नुको साथै दाँत र हाडलाई मजबूत बनाउँछ । डेङ्गुको उपचारमा यो फल निकै फाइदाजनक हुन्छ । यस फलले क्यान्सरबाट पनि बचाउनुका साथै शरीरमा हिमोग्लोबिनको कमी पूरा गर्छ । वजन घटाउनको लागि ड्रैगनफ्रूट निकै फाइदाजनक हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# उच्च जोखिममा समुद्रबाट भागेर नयाँ जीवनको योजना बनाउँदै उत्तर कोरियाली भगौडा

सोल, २० मङ्सिर/एएफपी

मे महीनाको एउटा आँधीबेहरीको रातमा किमले आफ्नो परिवारलाई आफ्नै घरमा बनाएको काठको डुङ्गामा बसाए र आफ्ना छोराछोरीलाई स्वतन्त्र जीवन दिने आशामा उत्तर कोरियाबाट टाढाको यात्रा गरे ।


तस्वीरः एजेन्सी

सन् १९५० को दशकमा युद्धका कारण कोरियाली प्रायद्वीप विभाजन भएपछि हजारौं उत्तर कोरियाली दक्षिण कोरिया भागे तर तीमध्ये अधिकांश पहिला छिमेकी देश चीन गए । सामुद्रिक मार्गबाट विचलन हुनु अत्यन्त दुर्लभ हुन्छ र यो स्थलमार्गको तुलनामा अत्यन्त खतरनाक मानिन्छ । केवल केही मुठीभरका मानिसले मात्र वास्तविक सामुद्रिक सीमा (उत्तरी सीमारेखा) पार गर्न सक्छन् ।

यद्यपि ३१ वर्षीय मछुवा किमले (सुरक्षाका कारण आफ्नो थर मात्र प्रयोग गर्न आग्रह गर्दै) उनलाई त्यस्तो गर्न सकिन्छ भन्ने विश्वास छ । उनले दुई असफल प्रयासपछि अन्ततः आफ्ना नौ सदस्यीय परिवारलाई उत्तर कोरियाबाट बाहिर निकाल्न सफल भए ।

महीनौंसम्म उनले सीमा गस्तीका ढाँचाहरूको अध्ययन गरे र अवसरको प्रतीक्षा गरे । उत्तर कोरियाले कोभिड महामारीमा लकडाउन गरेपछि उसको तटीय नाकाबन्दीलाई हटाउन शुरू गरेसँगै उनी भाग्न सफल भए ।

"मैले भूभाग र मौसमको अवस्थाको अध्ययन गरें र सामुद्रिक चेतावनी प्रभावकारी हुँदा सबैभन्दा खराब रातमा निस्किएँ," उनले सोलमा एएफपीसँग भने । उनका अनुसार उनको परिवारका सबैजना यहाँसम्म कि उनका तीन वर्षका बच्चाले पनि आफूहरू भाग्ने सफलता सुनिश्चित गर्न मिलेर काम गरे ।

"मलाई दोस्रोपटक जन्मेको जस्तो लाग्छ," किमले भने, "उत्तरमा आकाशमा उड्ने विमान केही यस्ता थिए, जसलाई मैले मेरो सपनामा, फिल्ममा र टिभी नाटकहरूमा देखेको थिएँ, तर म अब वास्तवमैं यसको सवारी गर्न सक्छु र मलाई अर्को जन्ममा जन्मेको जस्तो लागेको छ ।"

महीनौंको सोधपूछपछि किम अब उनको नयाँ जीवनका लागि अगाडि बढ्न तयार छन् । उनले दक्षिण कोरियामा अधिकारीहरूले उत्तर कोरियालीहरूका लागि नौ वर्षमा पहिलोपटक आयोजना गरेको प्रमुख रोजगार मेलामा भाग लिए ।

कतिपय भगौडाले एकीकरण गर्न सङ्घर्ष गरेका छन् । दक्षिण कोरियाको तीव्र आर्थिक विकाससँगै दशकौंको विभाजनको अर्थ त्यहाँ भाषिक, सांस्कृतिक र व्यावहारिक चुनौतीमाथि नियन्त्रण गर्न बाँकी छ । रोजगार मेला सरकारले आयोजना गरेको कैयौं पहलमध्येको एक हो, जसले भगौडाहरूलाई सहयोग गर्न चाहन्छ ।

सिओइएक्स कन्भेन्सन सेन्टरमा आयोजित मेलामा नोकरीका दर्जनौं सम्भावनाबाट किम अत्यन्त चिन्तित थिए । मेलामा करीब एक सय कम्पनी र सार्वजनिक संस्थानहरूले भाग लिएका थिए । रोजगार पुस्तिकाहरूको खात हातमा लिंदै किमले भने, "म सीधैं उत्तरबाट आएको हुनाले यस्तो संस्कृति अवस्थित भएकामा म अत्यन्त छक्क परेको छु ।"

उत्तर कोरियामा माछा मार्ने उद्योगमा वर्षौंसम्म काम गरेका किमले लामो समयसम्म जहाजको नाविक बन्ने सपना देखेको बताए । यो उनको पूर्व घरमा असम्भव थियो । उत्तर कोरियामा ढुवानी (जहाज) उद्योग कडारूपमा नियन्त्रित छ, नोकरीमा पुग्ने बाटो अत्यन्त सीमित छ र यो सही पृष्ठभूमि र जडानमा निर्भर छ ।

"सामान्य मानिसका लागि नाविक बन्न केवल सपना हुन सक्छ," किमले भने, "तर मैले यहाँ यदि तपाईंले थोरै मात्र प्रयास गर्नुभयो भने केही पनि सम्भव छ भन्ने सुनेको छु, त्यसैले मैले यसलाई लिने प्रयास गर्दैछु ।"

किमले उत्तर कोरियामा शान्त र मेहनती जीवन व्यतीत गरे र एक दिन आफैं डुङ्गा किन्ने दिशामा काम गरे । उनले माछा मार्ने डुङ्गामा चालक दलको सदस्यका रूपमा नोकरी शुरू गरे । पुनः धेरै पैसा कमाउनका लागि गोता लगाउन सिके ।

अन्ततः उनले काठको डुङ्गा बनाउनका लागि पर्याप्त कमाए । उक्त डुङ्गालाई उनले दक्षिण कोरियाको जोखिमयुक्त सामुद्रिक यात्रामा निस्कनुअघि करीब पाँच वर्ष चलाए । जब उनका बच्चाहरू एक दिन 'अनावश्यक दिमाग भड्किने सत्र'बाट घर फर्किए, उनले उत्तर कोरियाबाट भाग्ने निर्णय गरे ।

"मूलरूपमा उत्तर कोरियामा नभएको उनीहरूले गर्न, भन्न र जे चाहन्छन्, त्यो देख्न सकून् भन्ने म चाहन्थें, म त्यहाँ राम्रो संसार छ र एउटा ठूलो संसार छ भनेर उनीहरूलाई देखाउन चाहन्थें," किमले भने, "यदि तपाईंले राम्रो योजना बनाउनुभयो र कडा परिश्रम गर्नुभयो भने उत्तर कोरियामा तपाईं स्थिर जीवन बिताउन सक्नुहुन्छ तर त्यहाँ कुनै स्वतन्त्रता छैन ।" रासस

# चिनियाँ र अमेरिकी शीर्ष कूटनीतिज्ञबीच छलफल

बेइजिङ, २० मङ्सिर/एएफपी

चीन र अमेरिकाले आफ्ना शीर्ष कूटनीतिज्ञहरूले बुधवार फोनमार्फत इजराइल–हमास युद्धबारे छलफल गरेको र युद्धलाई कम गर्ने आवश्यकतामा सहमत भएको बताएका छन् ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री एन्टोनी ब्लिक्तेनले युद्ध फैलिनबाट रोक्नका लागि काम गर्ने सबै पक्षको अनिवार्यतालाई दोहोर्याउनुभयो । मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरका अनुसार ब्लिक्तनले लाल सागरमा इरान समर्थित हुथी विद्रोहीहरूको हालैको हमलाबारे पनि कुरा उठाउनुभएको छ । विदेशमन्त्री ब्लिक्तनले उक्त हमलालाई सामुद्रिक सुरक्षा र अन्तर्राष्ट्रिय कानूनका लागि अस्वीकार्य खतरा हो भन्नुभयो । उक्त कानूनको पालना सबै मुलुकले गर्नुपर्ने दायित्व भएको उहाँको भनाइ थियो ।

बेइजिङका अनुसार विदेशमन्त्री वाङ यीले इजराइल र हमासबीचको युद्धका सम्बन्धमा 'सर्वोच्च प्राथमिकता गोली हानाहानलाई रोक्नु र युद्धलाई चाँडोभन्दा चाँडो समाप्त गर्नु रहेका' मा जोड दिनुभयो ।

विदेश मन्त्रालयका अनुसार वाङले भन्नुभयो, "प्रमुख मुलुकहरूले निष्पक्षता र न्यायको पालना गर्नुपर्छ, वस्तुनिष्ठता र निष्पक्षतालाई कायम राख्नुपर्छ, शान्ति र तर्कसङ्गतता देखाउनु पर्छ र स्थितिलाई शान्त बनाउन तथा ठूलो मात्रामा मानवीय विपत्तिलाई रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्छ ।"

उहाँले दुई राज्य समाधानका लागि बेइजिङको आह्वानलाई दोहोर्याउनुभयो । उहाँले प्यालेस्टिनको भविष्यसँग सम्बन्धीत कुनै पनि व्यवस्थाले प्यालेस्टिनी जनताको इच्छालाई प्रतिबिम्बन गर्नुपर्ने बताउनुभयो ।

"चीन यस दिशामा प्रयास गर्नका लागि सबै पक्षसँग मिलेर काम गर्न तयार छ", उहाँले भन्नुभयो । रासस

# फिलिपिन्समा बस दुर्घटना, १७ जनाको मृत्यु

मनिला, २० मङ्सिर/एएफपी

मध्य फिलिपिन्सको पहाडमा एउटा यात्रीवाहक बस सडकको खतरनाक मोडबाट चिप्लिएर खस्दा १७ जनाको मृत्यु र ११ जना घाइते भएको अधिकारीहरूले बुधवार बताएका छन् ।

मङ्गलवार दिउँसो एन्टिक प्रान्तको ह्यामटिक नगरपालिकामा गुडिरहेको बस दुर्घटनामा परेको प्रान्तीय विपत् एजेन्सीका प्रमुख रोडरिक ट्रेनले बताए । उनले सडकको त्यो भागलाई 'सम्भावित दुर्घटनास्थल' भन्दै अस्पतालमा सातजनाको अवस्था चिन्ताजनक र अन्य चारजनाको अवस्था सामान्य रहेको जानकारी दिए ।

मृत्यु हुनेमध्ये एक केन्याली रहेको र अर्का केन्याली गम्भीर घाइते भएका जनाइएको छ । प्रान्तीय गभर्नर रोडोरा काडियोका अनुसार बसमा चार केन्यालीसहित अधिकांश एन्टिकका बासिन्दा थिए । यद्यपि पछि प्रहरीले बसमा दुईजना मात्र केन्याली रहेको पुष्टि गरेको छ । एउटा शवको सनाखत हुन सकेको छैन ।

"म त्यो स्थानलाई 'हत्यारा मोड' भन्छु, यो पहिला नै त्यहाँ खसेको दोस्रो सेरेस बस थियो," बस कम्पनीको नाम उल्लेख गर्दै काडियोले भने, "यतिधेरै सङ्ख्यामा मृत्यु भएकाले त्यो सडकलाई त्याग्नुपर्छ र सो क्षेत्रलाई सुरक्षित बनाउनका लागि अर्को सडक बनाउनुपर्छ ।" उनका अनुसार घना जङ्गलको खाडल करीब ३० मिटर गहिरो थियो ।

ट्रेनका अनुसार बस अग्लो स्थानबाट खस्दा ठूलो मात्रामा क्षति भएको हो । "प्रत्यक्षदर्शीहरूका अनुसार यान्त्रिक गडबडीका कारण बस दुर्घटना भएको हो, सम्भवतः ब्रेक फेल भएर चालकले नियन्त्रण गुमाएको हुन सक्छ," उनले भने । रासस



**भूकम्प प्रभावितहरूलाई सचेतना कार्यक्रमः** विभिन्न खालका हिंसाबाट बच्नका लागि जाजरकोटको नलगाड नगरपालिकाको आयोजनामा नलगाड–१ स्थित कल्पतमा त्रिपालमा बसोबास गरेका भूकम्प प्रभावितहरूलाई भेला गरी सचेतनाको कार्यक्रम गरिंदै । तस्बिर : हेमन्त केसी/रासस

# बहुभाषामा प्रदर्शन हुँदै 'हिटम्यान'

गण्डकी, २० मङ्सिर/रासस

नेपाली कलाकार अभिनीत तेलुगु फिल्म 'हिटम्यान' नेपाली, हिन्दी, अरबी, तमिल, चिनियाँलगायतका भाषामा एकसाथ प्रदर्शनमा आउने भएको छ ।

बुधवार पोखरामा आयोजित पत्रकार सम्मेलनमा फिल्मका निर्देशक एवं अभिनेता विष्णु अधिकारीले आगामी फेब्रुअरीदेखि फिल्म विश्वव्यापी प्रदर्शन हुने जानकारी दिए ।



तस्वीरः सौजन्य

प्रदर्शनको मिति भने केही दिनपछि तय हुने उनले बताए । फिल्ममा अधिकारीसँगै आँचल शर्मा, प्रशान्त ताम्राकार र मिलन सिजापतिलगायत कलाकारको अभिनय रहेको जनाइएको छ । फिल्मको कथा पनि अधिकारीले नै लेखेका हुन् । दक्षिण भारतीय शैलीमा बनेको फिल्ममा नेपाल र भारतबीचको अन्तरसम्बन्धलाई देखाउन खोजिएको निर्देशक अधिकारीले बताए ।

फिल्मले काठमाडौं र पोखराको सौन्दर्यलाई प्रस्तुत गर्ने उनको भनाइ छ । नेपाल, भारत, दुबई, श्रीलङ्का र फ्रान्समा फिल्मको छायाङ्कन गरिएको अधिकारीले बताए । ९९ सिनेमाजको ब्यानरमा बनेको फिल्मको निर्माता दीपक अधिकारी र सहनिर्माता सन्नी लावती रहेका छन् । उक्त फिल्मलाई ओटिटी प्लेटफर्म अमेजन प्राइम भिडियोमा समेत प्रदर्शन गरिने निर्माण पक्षले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकजना भारतीय नागरिकको मृत्यु

प्रस, सेढवा, २० मङ्सिर/

पर्साको जीराभवानी गाउँपालिकामा हिजो मङ्गलवार साँझ मोटरसाइकल दुर्घटनामा परी एकजना भारतीय नागरिकको मृत्यु भएको छ ।

जीराभवानी गाउँपालिका वडा नं १ मा पर्ने हुलाकी सडकखण्डको ललितपुर गाउँनजीक हिजो बेलुकी ७ बजे बीआर २२ एजे ७७८३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा भारत बिहार बैरिया गाउँ बस्ने वर्ष ४२ का रामजी ठाकुरको गएराति उपचारको क्रममा मृत्यु भएको प्रहरी चौकी महादेवपट्टिका प्रहरी सहायक निरीक्षक नन्दलाल साहले जानकारी दिए ।

ठाकुरको शव शल्यपरीक्षणको लागि वीरगंजको नारायणी अस्पतालमा राखिएको र मोटरसाइकल प्रहरी चौकी महादेवपट्टिको नियन्त्रणमा रहेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए ।

### एनसेल ...

कारोबारको कानूनी प्रक्रियाको वैधता र आर्थिक पारदर्शितामाथि प्रश्न उठिरहेका छन् । सार्वजनिकस्तरबाट चर्को विरोधसमेत भएपछि संसदीय समितिहरूले पनि यसमा चासो दिएका छन् । आजै सार्वजनिक लेखा समितिमा पनि एनसेल शेयर खरीद–बिक्री प्रकरणबारे छलफल भएको छ ।

### आजको राशिफल

| मेष | वृष |
|---|---|
| अलमल | ज्ञानोदय |
| मिथुन | कर्कट |
| वाहनखर्च | मित्रमिलन |
| सिंह | कन्या |
| धनखति | सुयश |
| तुला | वृश्चिक |
| खर्चवृद्धि | धनलाभ |
| धनु | मकर |
| सफलता | ईश्वरभक्ति |
| कुम्भ | मीन |
| रोगभय | व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### नहुने भयो ...

भएको मावरक रानीताल संरक्षण समितिका कोषाध्यक्ष काजीमान लिम्बूले बताए । उनले केही व्यक्तिहरूसँग ताल निर्माणपछि बाँडफाँड तथा लाभका विषयमा सहमति हुन नसक्दा निर्माणमा समस्या आएको उनको भनाइ थियो ।

राजातालमा आफ्नो सात रोपनीभन्दा बढी जमीन रहेको जनाउँदै स्थानीय मणि चेम्जोङले ताल निर्माणमा पर्याप्त बजेटसहितको योजना नआएकाले निर्माणमा सहमति हुन नसकेको जानकारी दिए । "पालिकाले १० लाख र २० लाखको क्रमागत योजना लिएर आउँछ," उनले भने, "यस्तो योजनाले यहाँका घर/जमीनको संरक्षण र सुरक्षा हुन्न ।" कम बजेटका कारण क्षति र जोखिम बढी देखिएकाले स्थानीयहरूले पूर्ण आकारको ताल निर्माणमा सहमति जनाउन नसकेका उनको भनाइ थियो ।

ताल निर्माणका क्रममा विस्थापितहरूको स्थानान्तरणमा आपसी समझदारी, लाभको विषयमा सहमति, सुरक्षा र संरक्षणको उचित व्यवस्था नदेखिएपछि निर्माणको विषय अघि बढ्न नसकेको लिम्बूले जानकारी दिए । उनका अनुसार चुरे पहाडको चीसो क्षेत्रमा अवस्थित 'ताल नै ताल'को पालिका भनेर चिनिने यस पालिकामा आधा दर्जन सानाठूला तालहरू संरक्षण र प्रवर्द्धनको पर्खाइमा रहेका छन् ।

## खाँणको निवेदनमा २८ मा सुनुवाइ

काठमाडौं, २० मङ्सिर/रासस

उच्च अदालत पाटनमा नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वमन्त्री बालकृष्ण खाँणको निवेदनमाथि यही मङ्सिर २८ गते सुनुवाइ हुने भएको छ । उक्त अदालतका न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको संयुक्त इजलासमा यही मङ्सिर १५ गते राय बाँझी निर्णय सुनाएपछि उक्त विवादलाई तेस्रो न्यायाधीशसमक्ष पेश गरी सुनुवाइ गर्ने तय भएको थियो ।

न्यायाधीश पाण्डेले थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश बदर गरी रु ३० लाख धरौटीमा छाड्ने राय दिएका थिए भने न्यायाधीश खरेलले धरौटीमा छाड्न नमिल्ने राय दिएका थिए ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नागरिक बचाउ अभियानद्वारा पर्सागढीमा प्रदर्शन






बलिराम शुक्ला, बिरुवागुठी, २० मङ्सिर/

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानले बुधवार पर्सागढी नगरपालिकामा र्‍याली निकालेको छ।

मनवाबजारबाट निस्किएको र्‍याली बडनिहार बजारमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा अभियानका पर्सा संयोजक राजेन्द्र परियारले विभिन्न लघुवित्त तथा बैंकहरूले गाउँघरका सोझा महिलाहरूलाई समूहमा आबद्ध गराइ चर्को ब्याजदरमा ऋण दिएर शोषण गरेको आरोप लगाए। उनले ऋण लिएका महिलाहरू अहिले ऋण तिर्न नसकेर 'घरको न घाटको' अवस्थामा पुगेको बताए। परियारले सरकारले रु २० लाखसम्मको ऋण मिनाहा गर्नुपर्ने धारणा राखे।

अभियानका नवराज दुलालले लघुवित्त, बैंक तथा सहकारीलाई सरकारले सरकारीकरण गर्नुपर्नेमा जोड दिए। उनले लघुवित्तहरू गाउँघरमा छिरेर जनतालाई सुकुमबासी बनाएको आरोप लगाए। कार्यक्रममा बलराम पासवान, भगवान साहलगायतले मन्तव्य राखेका थिए।

# सिम्रौनगढका विद्यालयहरू बिहीवारदेखि बन्द हुने



धर्नामा बसेका शिक्षकहरू। निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई साँचोको पोको बुझाउँदै शिक्षक सङ्घ सिम्रौनगढ नगरअध्यक्ष उमाशङ्करप्रसाद यादव। तस्वीर: रामेश्वर मेहता

प्रस, सिम्रौनगढ, २० मङ्सिर/

सिम्रौनगढ नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालय भोलि बिहीवारदेखि बन्द हुने भएका छन्। विगत ५१ दिनदेखि तलबको माग गर्दै सिम्रौनगढ नगरपालिका अन्तर्गतका करार, अस्थायी, ज्यालादारी कर्मचारी र शिक्षकहरू आन्दोलन गर्दै, धर्ना दिँदै आएका थिए। पूर्वघोषित कार्यक्रम अनुसार आज शिक्षकहरूले नगरपालिका अन्तर्गतका विद्यालयमा तालाबन्दी गरी साँचो निमित्त प्रमुख प्रशासकीय अधिकृत जयनरायणप्रसाद यादवलाई बुझाएका छन्।

विगतका धर्नामा प्रत्येक विद्यालयबाट एकजनाको प्रतिनिधित्व हुनेगरी धर्ना दिँदै आएकामा भोलिदेखि नपाभरिका सामुदायिक विद्यालय बन्द गरी सम्पूर्ण शिक्षक धर्नामा बस्ने शिक्षक सङ्घका नगरअध्यक्ष उमाशङ्करप्रसाद यादवले बताए। सिम्रौनगगढ नपा अन्तर्गत पाँचवटा मावि विद्यालयसहित ३२ वटा विद्यालय छन्। जसमा शिक्षक, बालविकास र विद्यालय कर्मचारीहरूसहित १९० जना कार्यरत छन्।

# ४५ जना स्वयंसेविका सम्मानित

नरेश यादव, पर्सागढी, २० मङ्सिर/

'स्वास्थ्य क्षेत्रमा दिगो विकास: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास' नाराका साथ पर्सागढी नगरपालिकाको आयोजना तथा दिव्य विकास स्रोत केन्द्र बिरञ्चीबर्वाको सहयोगमा २०औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस सम्पन्न भएको छ।




दिवसको अवसरमा ४५ जना स्वयंसेविकाहरूलाई पुरस्कृत गरिएको स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले बताए। वडा नं ४ स्थित स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, सचिव हजारीप्रसाद यादव, स्वास्थ्य चौकी प्रमुख कामेश्वर मिश्र, वरिष्ठ अनमी सरीता कार्की, श्वेता लामा, अहेब अजय मण्डल, कार्यालय सहयोगी सुरेन्द्र पाण्डेलगायतको सहभागिता थियो।

पर्सागढी नपा अन्तर्गत एउटा प्राथमिक स्वास्थ्य केन्द्र र चारवटा स्वास्थ्य चौकी छन् भने तीनवटा आधारभूत स्वास्थ्य सेवा केन्द्र छन्।




# सातवटा सालको गोलिया बरामद

प्रस, पर्सागढी, २० मङ्सिर/

पर्सागढी नगरपालिका-१ कोइलाभार टोलमा परालको टालमा लुकाएर राखिएका सातवटा सालका गोलिया प्रहरीले बरामद गरेको छ।

राष्ट्रिय वनजङ्गलबाट चोरी भण्डारण गरिराखेको अवस्थामा सूचनाको आधारमा प्रहरी चौकी मनवा र इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले सो गोलिया बरामद गरेको हो। बरामद गोलिया सबडिभिजन वन कार्यालय, सखुवनियामा राखिएको प्रहरी निरीक्षक रामराजा केशरीले बताए। गोलिया राख्ने




व्यक्तिको खोजी भइरहेको उनले बताएका छन्।

# खेलकूदको संसार

## मधेस प्रदेश क्रिकेट टोलीका खेलाडीलाई सम्मान

जनकपुरधाम, २० मङ्सिर/रासस

यही मङ्सिर १५ गते पोखरा रङ्गशालामा सम्पन्न केपी ओली कप टी-२० प्रतियोगिताको उपाधि जितेको मधेस प्रदेश क्रिकेट टोलीका खेलाडीहरूलाई बुधवार सम्मान गरिएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आज जनकपुरधामस्थित मधेस भवनमा रहेको आफ्नै निवासमा बोलाएर खेलाडीहरूलाई सम्मान गरेका हुन्। त्यस अवसरमा मुख्यमन्त्री यादवले नियमित प्रशिक्षण र उपयुक्त पूर्वाधारसहितको खेलमैत्री वातावरणको अभावमा पनि व्यावसायिक टोलीलाई हराएर उपाधि उचालेको भन्दै खेलाडीहरूको प्रशंसा गरे।

उनले विजेता टोलीलाई प्रोत्साहनस्वरूप रु पाँच लाख नगद दिने घोषणा गरिसकेको र अरू समस्या समाधानका लागि चाँडै खेलाडीहरूसँग बसेर आवश्यक निर्णय गर्ने बताए। "प्रदेश सरकारले खेलकूदलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ, अब प्रदेशसभामा दर्ता गरिएको प्रदेश खेलकूद विकाससम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित भएमा आठै जिल्लामा खेल पूर्वाधार, आवश्यक प्रशिक्षक र खेलाडीहरूको जीविकोपार्जनका लागि ठोस काम अगाडि बढाउनेछौं," मुख्यमन्त्री यादवले भने, "त्यसका साथै मधेस प्रदेशलाई खेलकूदको 'हब' बनाउन श्रीराम जानकी बहुउद्देश्यीय रङ्गशालाको निर्माणका लागि पहल भइरहेको पनि यहाँहरू सबैलाई जानकारी नै छ, प्रदेश सरकार खेल क्षेत्रको प्रवर्द्धन र खेलाडीको हौसला बढाउनका लागि प्राथमिकताका साथ काम गरिरहेको छ।"

त्यसैगरी, खेलाडीहरूले आफूहरूले भोगिरहेका समस्या तथा प्रदेश सरकारले तत्काल गर्नुपर्ने कामका विषयमा मुख्यमन्त्री यादवको ध्यानाकर्षण गराएका थिए। सो टोलीका प्रशिक्षक सुनीलकुमार साहले मधेस प्रदेशको पहिचानलाई उँचो बनाउन क्रिकेट क्षेत्रले महत्त्वपूर्ण योगदान गर्न सक्ने भएपनि उचित अवसरको अभावमा प्रतिभावान् खेलाडी पलायनको अवस्थाबाट रोक्न जरुरी रहेको बताए।

आर्थिक अभाव, न्यूनतम सुविधासहितका खेलमैदान र पर्याप्त प्रशिक्षक नहुँदा खेलाडी पलायन भइरहेकाले त्यसलाई रोक्न प्रदेश सरकारले तत्काल आवश्यक कदम चाल्नुपर्ने उनको भनाइ थियो। "केही समयमैं हाम्रो टोलीका पाँच प्रतिभावान् खेलाडी पलायन भइसकेका छन्, हाल बाँकी खेलाडीहरूमध्ये ८० प्रतिशत जति भारतमा आफैं लगानी गरेर बसिरहेका छन्, उनीहरू पनि कुन दिन छाडेर जान्छन् भन्न सकिने अवस्था छैन, त्यसै कारण सरकारले गम्भीर भएर सोच्न जरुरी छ," साहले भने।

कप्तान हरिशङ्कर साहले पनि आफ्नो टोली छाडेर गएका खेलाडीहरू रहेको व्यावसायिक आर्मी क्लबसँग प्रतिस्पर्धा गरेर उपाधि उचाल्नु चुनौतीपूर्ण भएपनि बाँकी क्षमतावान् खेलाडीको सहारामा प्रतियोगिता जित्नु सिङ्गो मधेस प्रदेशकै गौरवको विषय भएको बताए।

साहले सामान्य जीविका चलाउन पनि परिवारमैं निर्भर हुनुपर्ने, मापदण्ड अनुसारको खेलमैदानको अभाव, अनुभवी प्रशिक्षक नहुनेजस्ता समस्या समाधानका लागि मुख्यमन्त्रीलाई आग्रह गरे।

पोखरा रङ्गशालाको क्रिकेट मैदानमा भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई ११ रनले हराउँदै मधेस प्रदेशले रु पाँच लाखसहित ट्रफी उचालेको थियो।

# रु पाँच सङ्कलन अभियानमा आठ लाख जम्मा

ओमप्रकाश चौधरी, सेढवा, २० मङ्सिर/

दैनिक पाँच रूपियाँ सङ्कलन अभियानमा करीब दुई वर्ष अवधिमा आठ लाख रुपियाँ सङ्कलन भएको छ।

पर्साको ठोरी गाउँपालिका वडा नं १ मा रहेको वृद्धवृद्धा तथा असहाय कल्याण संस्थाको खातामा सो रकम सङ्कलन भएको अभियानकर्ता सन्तोष श्रेष्ठले बताएका छन्। सो संस्थामा बस्ने वृद्धवृद्धा, असहाय तथा अपाङ्गहरूका लागि दैनिक खर्च जुटाउने उद्देश्य श्रेष्ठले दैनिक पाँच रुपियाँ संस्थाको नाममा जम्मा गर्ने अभियान आफैंबाट गरेका थिए। जसमा २१० जना चन्दादाताले उक्त रकम जम्मा गरेको श्रेष्ठले बताए। सुवर्णपुरस्थित राष्ट्रिय वाणिज्य बैंकमा सो संस्थाको खातामा अहिले आठ लाख रुपियाँ जम्मा भएको र जम्मा गर्ने दाताको सङ्ख्या वृद्धि भइरहेको श्रेष्ठले बताए।

सो संस्था भारतीय सेनाबाट अवकाश पाएका आसबहादुर गुरुङले निजी खर्चबाट शुरू गरेका थिए। संस्थामा अहिले २३ जना अपाङ्ग, असहाय तथा वृद्धवृद्धा बस्छन्। गुरुङले संस्थाको खर्च धान्न नसक्दा दाताहरूले खाद्यान्न तथा नगद चन्दा सहयोग गर्न शुरू गरेका थिए। संस्थामा बसोबास गर्नेहरूको दैनिक खर्च चलाउन दीर्घकालीन व्यवस्थापनको लागि दैनिक रु पाँच अभियान शुरू गरेको श्रेष्ठले बताए। खातामा दश लाख रुपियाँ जम्मा भए सो रकमबाट अक्षयकोष स्थापना गरी ब्याजबाट संस्थाको खर्च चल्न सक्ने भएकोले यो अभियान शुरू गरेको श्रेष्ठले बताए। केही महीनाभित्र दश लाख रुपियाँ पुऱ्याउने लक्ष्य लिएको र नपुगे ठोरीकै केही सामाजिक




ठोरी गापा-१ भगवाननगरस्थित संस्थाका आश्रितहरू। तस्वीर: फाइल

अभियन्ताहरूले कम भएको रकम जम्मा गर्ने श्रेष्ठले बताए। बैंकमा दाखिला भएको रकमबाट आएको रु २७ हजार ब्याज संस्थाका अध्यक्ष गुरुङलाई पठाइसकेको अभियानकर्ता श्रेष्ठले बताए।

सो संस्थाको खातामा एकजनाले दैनिक पाँच रुपियाँका दरले एक वर्षमा हुने एक हजार ८२५ रुपियाँ जम्मा गर्नुपर्छ। यसभन्दा बढी रकम पनि जम्मा गर्न सकिने श्रेष्ठले बताए। विशेषगरी जन्मदिन तथा अन्य खुशीका अवसरमा पनि यस संस्थाका लागि दैनिक रु पाँच अभियानका दाताहरूले अतिरिक्त आर्थिक सहयोग गरिरहेका छन्।

## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड